
संसद्मा प्रधानमन्त्री ओलीको सम्बोधन... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक ८८ • २०८१ साल साउन ३१ गते विहीबार (15 August, Thursday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## संगठन निर्माण अभियानमा जुट्दै जसपा नेपाल




टुडे समाचारदाता

काठमाण्डु । जनता समाजवादी पार्टी नेपालको केन्द्रीय समिति बैठक सम्पन्न भएको छ ।

ललितपुरमा बुधबार समापन बैठकमा अध्यक्ष उपेन्द्र यादवले प्रस्तुत गरेको राजनीतिक, सांगठनिक एवं जनअभियानको प्रतिवेदन राय सुझावसहित सर्वसम्मतले पारित गरेको जसपा नेपालले जनाएको छ ।

सो बैठकबाट भूगोल, क्षेत्र, योग्यता, क्षमता र विविधताका आधारमा संगठन निर्माण एवं जनअभियानको लागि केन्द्रीय सदस्यहरुको कार्यविभाजन गरेको जनाइएको छ ।

त्यस्तै यही भदौं ९ गते काठमाण्डुमा औपचारिक कार्यक्रम गरी अध्यक्ष यादवले जनअभियानको उद्घाटन गर्ने भएका छन् । पहिलो चरणमा सो जनअभियान चार महिनाको लागि मंसिर मसान्तसम्म संचालन गर्ने योजना रहेको जनाइएको छ ।

सो बैठकले सदन र सडकमा बलियो उपस्थिति राख्दै संगठन निर्माणका लागि जनअभियानमा जुट्ने निर्णय पनि गरेको छ ।

जसपा नेपालको पाँच लाख क्रियाशील सदस्य पुऱ्याउने गरी केन्द्रीय सदस्य सो बैठकले पार्टीको लक्ष्य र कार्यदिशा निर्धारण गरेको केन्द्रीय सदस्य मनिष सुमनले जानकारी दिए ।

सो बैठकमा अध्यक्ष यादवले आगामी २०८४ को निर्वाचनसम्म सम्पूर्ण पार्टीपंक्ति नेतृत्वलाई संगठन निर्माणमा जुट्नका लागि निर्देशनसमेत दिए ।

अध्यक्ष उपेन्द्र यादवले आगामी २०८४ लाई लक्षित गरी संगठन निर्माणमा होमिनुपर्ने बताए । उनले आगामी निर्वाचनमा जसपा नेपाललाई बलियो शक्तिको रुपमा स्थापित गर्ने गरी ग्रास रुटका जनतामाझ गएर पार्टीको संगठन विस्तार गर्न कार्यकर्तालाई निर्देशन दिए ।

### सापकोटा जनमतको गलफाँसो
# हटाउने प्रयास असफल, पार्टी लाइन बाहिर रहेको आरोप

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारमा राज्यमन्त्रीहरुलाई बर्खास्त गरेर आलोचित भइरहेको बेला प्रतिनिधिसभा सदस्य गोमा लाभ सापकोटालाई हटाउने प्रयास असफल भएको छ । जनमत पार्टीले सापकोटालाई प्रतिनिधिसभाबाट हटाउन दोस्रो पटक प्रयास गरेको थियो ।

सापकोटालाई पदमुक्त गर्न जनमत पार्टीले पठाएको दोस्रो पटकको पत्रलाई पनि संसद सचिवालयले अस्वीकृत गरेको छ । संसद सचिवालयका अनुसार गत साता जनमत पार्टीले सापकोटालाई कारबाही गरेको पत्र दर्ता गरेको थियो ।

सापकोटा जनमत पाटीका लागि गलफाँसो बनेकी छन् । उनी खस आर्य कोटाबाट समानुपातिक सांसद बनेकी हुन् । समानुपातिक तर्फको बन्द सूची बनाउने बेला अकस्मात जनमत पार्टीमा प्रकट भएकी सापकोटा नेताको कृपाले मात्र सांसद नभएकाले हटाउन मुश्किल भएको पार्टी भित्र पनि चर्चा चलेको छ ।

२०८० फागुन २७ गते जनमत पार्टीको संसदीय दलले सापकोटालाई पार्टीले निष्कासन गरेको पत्र संसद सचिवालयमा पठाएर पदमुक्त गर्न माग गरेको थियो ।

सो पत्रमा सापकोटाले पार्टीको निर्देशन नमानेको, पार्टीले सोधेको स्पष्टीकरणको सन्तोषजनक जवाफ नदिएपछि आवश्यक सफाइ दिने प्रकृया पुरा गरेर पदमुक्त गर्न पत्र पठाइएको दाबी गरिएको थियो ।

तर सभामुख देवराज घिमिरेले राजनीतिक दलसम्बन्धी ऐन अनुसार सापकोटालाई जनमत पार्टीले गरेको कारबाही नमिलेको भनेर पदमुक्त गर्न



अस्वीकार गरेका थिए ।

२०८० फागुनमा जनमत पार्टीले समानुपातिक सांसद सापकोटालाई पार्टीले निष्कासन गरेको पत्र संसद सचिवालयमा पठाएको पत्र पार्टीको लेटरहेडमा रहेको भनेर अस्वीकृत गरिएको थियो ।

सापकोटालाई कारवाही हुने आधार सो पत्रमा नदेखिएको भनेर सभामुख घिमिरेबाट अस्वीकृत भएकाले पछिल्लो पटक गरिएको पत्राचारमा नयाँ निर्णय लिन नपर्ने जवाफ संसदका महासचिव पद्मप्रसाद पाण्डेयले जनमत पार्टीलाई पठाएका छन् । महासचिव पाण्डेयले जनमत पार्टीबाट पत्र आएको र जवाफ पठाएको जानकारी दिएका छन् ।

गत फागनु ८ गतेमा सभामुख घिमिरेको निर्णय अनुसार संसद सचिवालयले जनमत पार्टीलाई कारबाहीको प्रक्रिया नपुगेको भनेर पत्र पठाएको थियो । सोही आधारमा साउनमा जनमत पार्टीले फेरि सापकोटालाई पार्टीबाट निष्कासन गरिएको भन्दै कारबाही सदरका लागि संसद सचिवालयमा पत्र पठाएको थियो । तर यसपटक जनमतको पत्र सुभामुखसम्म नपुग्दै सांसद सापकोटालाई सांसदबाट हटाउने पत्र अस्वीकृत भएको छ ।

संसद सचिवालयका महासचिव पाण्डेयले यसअघि सभामुखबाट अस्वीकृत हुँदाकै समयको कारबाहीको विवरण रहेको उल्लेख गर्दै थप निर्णय गर्न नपर्ने निर्णय गरिदिएको बताइएको छ ।

जनमत पार्टीका अध्यक्ष डा.सी.के. राउतले सांसद सापकोटालाई हटाउन पटक पटक प्रयास गरिरहे पनि केही आन्तरिक विषयले अप्ठ्यारो भएको बताइन्छ । सापकोटालाई हटाउने प्रकरणले अन्य सभासदहरु पनि भयभीत भएको बताइन्छ ।

जनमत पार्टीका प्रवक्ता शरद यादवले सांसद सापकोटाले प्रतिनिधिसभामा प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको र पार्टीमा समेत सक्रिय नरहेकाले पार्टीले पदमुक्त गरेको बताएका छन् ।


पार्टी कार्यालयमा नआउने, लेखेर दिएको विषय पनि संसदमा पढ्न नसक्ने सापकोटालाई पार्टीले रितपूर्वक हटाउन चाहेपनि संसद सचिवालयबाट सहयोग नभएको आरोप जनमत पार्टीले लगाएको छ ।

पार्टीको नीति, निर्देशन विपरीत कार्य गर्ने समानुपातिक सांसदलाई प्रक्रिया पुऱ्याएर हटाउने प्रावधान रहे पनि सापकोटालाई पार्टीले साधारण सदस्यबाट समेत हटाइसकेको अवस्थामा उनी सांसद रहिरहेका छन् ।

जनमत पार्टीमा अध्यक्ष डा.सी.के. राउतबाहेकका सबै सांसद समानुपातिक नै छन् । राउतले सप्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ बाट जनता समाजवादी पार्टी(जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवलाई पराजित गरी निर्वाचित भएका छन् ।

राजनीतिक रुपमा पछाडि परेका जात, जाती, समुदायबाट समानुपातिक प्रणाली मार्फत नीति निर्माण तहमा पुऱ्याउने प्रावधान रहेको छ । तर दलहरुले आफन्त, रकम बुझाउनेहरुलाई समानुपातिक कोटाबाट प्रतिनिधिसभा र प्रदेशसभामा पुऱ्याउने गरेका छन् । जसकारण साना दलहरुमा हटाउने र राख्ने विवाद हुने गरेको छ ।

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी
जनकपुरधाम स्थित होटल




AS
ANJANI SUITE





विशेषताहरू
- लक्जरीयर्स रुमहरु
- ठूलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा
Anjani Suite

सत्यमेव जयते

## शुभकामना संदेश



श्री देवी सहाय मीना
महावाणिज्यदूत

भारतको महावाणिज्य दूतावास, बीरगंजको तर्फबाट, म, भारतको ७८औं स्वतन्त्रता दिवसको शुभ अवसरमा भारतीय समुदाय र नेपालमा रहेका भारतका मित्रहरूलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । पछिल्लो समय महावाणिज्य दूतावासद्वारा नेपाल-भारत सांस्कृतिक महोत्सव, नेपाल-भारत मैत्री क्रिकेट खेल, एक शाम लता मंगेशकर के नाम, ओडिसी नृत्य प्रदर्शन, विश्व वातावरण दिवस, अन्तर्राष्ट्रिय योग दिवस लगायत विभिन्न कार्यक्रम आयोजना गरिएको थियो । महावाणिज्य दूतावासद्वारा अन्तर्राष्ट्रिय महिला दिवस, विश्व साइकल दिवस, विश्व वातावरण दिवस, विश्व रक्तदाता दिवस, आदि जस्ता महत्वपूर्ण अवसरहरू मनाउन उपयुक्त कार्यक्रमहरू पनि आयोजना गरिएको थियो, जसमा राम्रो सहभागिता रहेको थियो। भारतीय महावाणिज्य दूतावास उक्त कार्यक्रमहरुमा सहभागी भई सफल बनाउनुहुने महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्दछ । महाबाणिज्य दूतावासले विभिन्न संघसंस्था, गैरसरकारी संस्था, विद्यालय, संस्थान आदिसँगको सहकार्यमा वातावरण संरक्षण गर्न जनतामा चेतना जगाउने उद्देश्यले वृक्षारोपण अभियान पनि आयोजना गरेको थियो ।

२. भारत सरकार नेपालका जनतालाई शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधारको विकास, विद्यार्थीहरूलाई छात्रवृत्ति, विश्वसनीय संस्थाहरूलाई एम्बुलेन्स/बस उपलब्ध गराउनुका साथै नदीको तटबन्ध, एकीकृत जाँच चौकी, रेलमार्ग निर्माण लगायतका क्षेत्रमा सहयोग गर्न प्रतिबद्ध छ। साथै दुई देशबीचको द्विपक्षीय व्यापारमा उत्प्रेरकको रूपमा पनि काम गर्दछ।

३. महावाणिज्य दूतावास दुई देशबीचको द्विपक्षीय व्यापार विकास तथा सहजीकरण गर्न विभिन्न सेरोकारवालाहरू सँग काम गर्दछ । द्विपक्षीय सम्बन्धलाई अझ प्रगाढ बनाउन दुई देशबीच नियमित उच्चस्तरीय आदानप्रदान भैरहेको छ । यी वार्ताहरुको क्रममा दुवै पक्षले दुई देश बीचको घनिष्ट र मैत्रीपुर्ण सम्बन्धलाई पुष्टयाएको छ जसले ऐतिहासिक, सांस्कृतिक, सभ्यतागत र जनता- जनता बीचको सम्बन्धमा गहिरो जरा गाडेको छ । हालैका वर्षहरूमा द्विपक्षीय सहयोगको क्षेत्रमा उल्लेख्य प्रगति हासिल भएको छ, विशेषगरी कनेक्टिभिटीका विभिन्न क्षेत्र जस्तै भौतिक, डिजिटल, ऊर्जा र जनता-जनता बीचको सम्बन्धमा जुन सडक, एकीकृत जाँच चौकी, सीमापार रेलमार्ग, पेट्रोलियम पाइपलाइन र पुल लगायतका पूर्वाधार आयोजनाहरूको निरन्तर कार्यान्वयन द्वारा स्पष्ट देखिन्छ।

४. भारतका माननीय विदेश मन्त्री महामहिम डा. एस. जयशंकर ज्युको सन् २०२४ जनवरीमा नेपाल भ्रमणको क्रममा नेपाल र भारतबीच दीर्घकालीन विद्युत व्यापार सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको थियो । उक्त सम्झौता अन्तर्गत नेपालबाट भारतमा हुने विधुत निर्यातको परिमाण १० बर्ष भित्र १० हजार मेगावाटमा पुर्याउने र यस अनुसार नेपालको जलविधुत उत्पादन र प्रसारण पुर्वाधार क्षेत्रमा पारस्परिक हितमा हुने लगानीलाई प्रोत्साहन गर्न आवश्यक पहल गर्ने सम्झौता भएको थियो ।

५. पछिल्लो दुई-तीन वर्षमा भारतमा नेपालको जलविद्युत् निर्यातमा धेरै गुणा वृद्धि भएको छ जसले नेपालका लागि राजस्व र भारतका लागि स्वच्छ ऊर्जाको थप स्रोत सिर्जना गरेको छ । गत आर्थिक वर्षमा नेपाल भारतमा बिजुली निर्यात गर्ने देश बनेको थियो । नेपालले गत आर्थिक वर्ष २०२३-२४ को वर्षायाममा भारतलाई १६.९३ बिलियन रुपैयाको विद्युत निर्यात गरेको थियो भने सुख्खायाममा १६.८१ बिलियन रुपैयाको विधुत आयात गरेको थियो। गत आर्थिक वर्षमा नेपालको विद्युत् आयात भन्दा करिब १२२ मिलियन रुपैयाँ बढी भारत तर्फ निर्यात भएको थियो ।

६. नेपालका लागी भारतीय राजदूत महामहिम श्री नवीन श्रीवास्तवज्युले जनवरी द्दढ-घण, २०२४मा बीरगंजको भ्रमण गर्नुभएको थियो। उक्त भ्रमणको क्रममा वहाँले इनल्याण्ड कन्टेनर डिपोर्ट (ड्राई पोर्ट) र एकीकृत जाँच चौकी (क्ष्ऋए) को निरीक्षण गर्नुभयो र नेपाल भारत सीमामा भारत सरकारको आर्थिक सहयोगमा बनेको दुईवटै विद्धमान पुर्वाधार र उनका उपयोगको बारेमा सम्बन्धित अधिकारीहरुसँग छलफल गर्नुभयो । वहाँ बीरगंज उधोग वाणिज्य संघ द्वारा आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा सहभागी हुनुभयो र भारत बाट/ वा भारतको लागि आयात/निर्यातमा स्थानीय व्यापारी तथा उद्योगीहरूले भोगदै आएको समस्या बुझ्ने प्रयास गर्नुभयो । वहाँले स्थानीय व्यापारी तथा उद्योगीहरूले उठाएका समस्या समाधानका लागि सक्दो सहयोग गर्ने आश्वासन दिनुभयो ।

७. भर्खरै, भारतका विदेश सचिव महामहिम श्री विक्रम मिश्रीज्यु ज्ञज्ञ-ज्ञद्द अगस्त द्दण्द्दद्ध मा नेपाल भ्रमणमा आउनुभएको थियो र दुई देशबीचको मैत्रीपूर्ण सम्बन्धलाई थप सुदृढ पार्न आफ्ना नेपाली समकक्षीसँग द्विपक्षीय छलफल गर्नुभयो। वहाँले नेपालको राष्ट्रपति, उप-राष्ट्रपति, प्रधानमन्त्री, उप-प्रधानमन्त्रीज्युहरु, परराष्ट्रमन्त्री र नेपालका विभिन्न राजनीतिक दलका नेताज्युहरूसँग पनि भेट गर्नुभयो। वहाँले नेपाल भाषा परिषद्को काठमाडौंमा बनेको नयाँ भवनको पनि उद्घाटन गर्नुभयो जुनकि भारतको भूकम्पपछिको पुनर्निर्माण अनुदान सहयोगमा निर्माण भएको हो ।

८. भारत, नेपाल सँगको आफ्नो सम्बन्धलाई "छिमेकि पहिलो" निति अनुरुप उच्च प्राथमिकता प्रदान गर्दछ र विभिन्न पहलहरु मार्फत नेपालको जनतालाई सहयोग जारी राख्नेछ । महावाणिज्य दूतावास दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउन काम गर्न तत्पर छ।

**जय हिन्द !**

महावाणिज्य दूताबास, बीरगंज (नेपाल)
अगस्त १५, २०२४

# 'सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक पीडित मैत्री'

काठमाण्डु । नेकपा एमाले संसदीय दलका मुख्य सचेतक महेशकुमार बर्तौलाले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक पीडित मैत्री र सबै पक्षको साझा दस्तावेज रहेको बताउनुभयो । बुधबार प्रतिनिधिसभामा 'बेपत्ता पारिएका व्यक्तिको छानबिन सत्यनिरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक-२०७९' माथिको छलफलमा भाग लिँदै उहाँले लामो समयदेखि थाति रहेको सङ्क्रमणकालीन न्यायसम्बन्धी विषय सम्बोधन गर्न यो विधेयक महत्वपूर्ण सावित हुने विश्वास व्यक्त गर्नुभयो ।



उहाँले भन्नुभयो, "राजनीतिक, नागरिक समाज, पीडित र सुरक्षा निकायलगायत सबैको साझा सहमतिमा आएको विधेयक पीडित मैत्री छ ।" संयुक्त राष्ट्र सङ्घका महासचिव, अन्तर ाष्ट्रिय मावन अधिकार, राष्ट्रिय मानव अधिकार आयोग, पीडित पक्ष, विभिन्न क्षेत्रका राजनीतिक व्यक्तित्व, नागरिक समाजलगायत सबैको भावना विधेयकमा समेटिएको उहाँको भनाइ छ ।

कानुनले गम्भीर 'मानव अधिकार उल्लघङ्न' र 'मानव अधिकारको घटना' गरी दुई अवस्थामा वर्गीकरण गरेको उल्लेख गर्दै नेता बर्तौलाले गम्भीर मानव अधिकार उल्लङ्घनमा हत्या, जबर्जस्तीकरणी, यातना र बेपत्तालाई चार भागमा वर्गीकरण गरिएको बताउनुभयो । गम्भीर मानव अधिकार उल्लङ्घनका घटनामा पीडितले चाहेर पनि मेलमिलाप हुन नसक्ने उल्लेख गर्दै उहाँले अरु मानव अधिकारको उल्लङ्घनका घटनामा पीडितको स्वतन्त्र सहमतिमा मात्रै मेलमिलाप हुनसक्ने जानकारी दिनुभयो ।

सशस्त्र द्वन्द्वका बेला राज्य पक्षबाट लडेका सुरक्षाकर्मीलाई पनि कानुनले विशेष राहतको व्यवस्था गरेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "सशस्त्र द्वन्द्वका कारण राज्यबाट पीडित सुरक्षाकर्मीलाई परिपूरणको हक राखिएको छ ।" सशस्त्र द्वन्द्वका बेला जबर्जस्ती करणीमा परेका पीडितलाई नियमित फौजदारी कानुन प्रणाली अनुसार न्याय पाउने, जबर्जस्तीकरणीमा परेका तर तात्कालीन समयमा उजुरी दिन नसकेका पीडितलाई तीन महिनासम्मका लागि उजुरी दिन पाउने ढोकासमेत खुला गरेको उहाँको भनाइ छ ।

सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुन नियमित फौजदारी कानुन नभइ निश्चित उद्देश्यका लागि ल्याइएकाले उद्देश्य पूरा भएसँगै निष्क्रिय हुँदै जाने बताउनुभयो । उहाँले सङ्क्रमणकालीन न्यायको उद्देश्य पीडितलाई न्यायको सुनिश्चितता गर्ने र पीडकलाई कानुनी जवाफदेहिताको दायरामा उभ्याउने भएको स्पष्ट पार्नुभयो ।रासस

# शान्ति प्रक्रियाको पूर्णतासँगै राजनीतिक क्रान्तिको एक अध्याय पूरा : अध्यक्ष दाहाल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले शान्तिप्रक्रियाको पूर्णतासँगै राजनीतिक क्रान्तिको एउटा अध्यायले समेत पूर्णता पाएको बताउनुभएको छ ।



प्रतिनिधिसभाको बुधबारको बैठकमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथिको छलफलमा अध्यक्ष दाहालले अब परिवर्तनका उपलब्धि संस्थागत गर्दै समृद्धिको यात्रातर्फ अघि बढ्ने ढोका खुलेको बताउनुभयो ।

"शान्ति प्रक्रियासँग अभिन्न अङ्गका रुपमा सम्बन्धित सङ्क्रमणकालीन न्यायसम्बन्धी राजनीतिक सहमतिअनुसार बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोगको विधेयक आज सदनले अनुमोदन गरेको छ । यो सहमतिसँगै शान्ति प्रक्रियाले पूर्णता पाएको छ । इतिहासलाई न्याय र सहिदको सपनाको सम्मान गरेको छ", पूर्वप्रधानमन्त्री दाहालले भन्नुभयो ।

शान्तिप्रक्रियालाई आजका दिनसम्म ल्याइपुऱ्याउन थुप्रै पात्रले अथक भूमिका निर्वाह गरेको उल्लेख गर्दै अध्यक्ष दाहालले प्रस्तुत विधेयक कार्यान्वयनको प्रक्रियामा समेत सबैको साझा प्रयास हुने विश्वास व्यक्त गर्नुभयो । "संविधान जारी हुँदासम्म जसरी हामीले राजनीतिक मुद्दामा राष्ट्रिय सहमति र एकता प्रदर्शन गऱ्यौं, तर कार्यान्वयनमा भने हामी एक हुन सकेनौँ", उहाँले भन्नुभयो, "संविधान जारी भएपछि हामीबीच उच्चस्तरको राष्ट्रिय सहमति आवश्यक थियो । तर त्यो हुन सकेन । विधेयक पारित भएसँगै शान्ति सम्झौताको मूल मर्म र भावनाअनुसार उपलब्धि प्राप्त हुनेछ ।"

नेपालमा शान्ति-प्रक्रियाको आफ्नै ढाँचाको परिकल्पना गरिएको उल्लेख गर्दै पूर्वप्रधानमन्त्री दाहालले यसले बहुलवादको रक्षा, लोकतान्त्रिक प्रणाली स्थापित, परम्परागत संसदीय राजनीतिभन्दा सामाजिक न्याय तथा पूर्ण लोकतन्त्रको प्रवर्द्धनमार्फत सम्पूर्ण नेपाली जनतालाई शान्ति र सुशासनको प्रत्याभूति गराउने विश्वास व्यक्त गर्नुभयो ।


शान्ति प्रक्रियाको एउटा मुख्य नेतृत्वकर्ताका हैसियतले आफ्ना सामु थप चुनौती थपिएको उल्लेख गर्दै अध्यक्ष दाहालले शान्ति सम्झौताका एक हस्ताक्षरकर्ता गिरिजाप्रसाद कोइराला हामीबीच नरहे पनि अर्को हस्ताक्षरकर्ताका हैसियतले शान्ति प्रक्रियाको मर्मलाई मर्न नदिन सदैव लागिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो । "शान्तिप्रक्रियाका बाँकी कार्यभारसँगै अत्यन्तै महत्वपूर्ण यो विधेयक पारित भइरहँदा म नेपाली कांग्रेसका तत्कालीन सभापति कोइरालालाई सम्झिन चाहन्छु", उहाँले भन्नुभयो, "अस्पतालको अन्तिम भेटमा उहाँले आफूपछि शान्ति-प्रक्रियाको सम्पूर्ण जिम्मेवारी मेरो काँधमा रहेको बताउनुभएको म आज पुनः स्मरण गर्न चाहन्छु ।" उहाँले आफ्नो काँधमा सुम्पिएको जिम्मेवारी आज सबै राजनीतिक दलबीचको सहमतिसँगै पूरा भएको स्पष्ट पार्नुभयो । माओवादी पार्टी र सात दलबीचको सहमति नै नेपालको शान्ति-प्रक्रियाको मुख्य आधारशिला बनेको उहाँले बताउनुभयो । शान्ति सम्झौता समावेशी, समानुपातिक लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणको सुरुआत विन्दु बन्न पुगेको अध्यक्ष दाहालले बताउनुभयो ।

नेपालको जारी शान्तिप्रक्रिया विश्वकै नमूना भएको चर्चा गर्दै उहाँले भन्नुभयो, "संविधानसभाबाट नयाँ संविधान निर्माण र सेना समायोजन तथा हतियार व्यवस्थापन शान्ति प्रक्रियाको प्रमुख उपलब्धि हो ।" नेपालको शान्ति-प्रक्रियाले सबै नेपालीका लागि दिगो शान्तिको जग हालिदिएको उहाँको भनाइ थियो । विस्तृत शान्ति सम्झौताले वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेद्भावको अन्त्य गर्दै महिला, दलित, आदिवासी, जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसंख्यक समुदाय, पिछडिएका क्षेत्रलगायतका समस्या सम्बोधन गर्न सफल भएको अधयक्ष दाहालले बताउनुभयो ।

अत्यन्त मेहनत र उच्च राजनीतिक समझदारीका साथ बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग विधेयकलाई अन्तिमरुप दिन सफल भएको उल्लेख गर्दै अध्यक्ष दाहालले विधेयकमा असहमतिका बुँदालाई सहमति कायम गर्न सकेकामा कार्यदलको प्रशंसा गर्नुभयो । प्रस्तुत विधेयक पीडितमैत्री बनाइएकाले पीडितलाई थप पीडा दिन्छ कि भन्ने चिन्ता नगर्न उहाँले सबैसँग आग्रह गर्नुभयो ।

सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विधेयकलाई सही अर्थमा कार्यान्वयन गर्नुपर्ने चुनौती रहेको चर्चा गर्दै अध्यक्ष दाहालले राजनीतिक मतभेदलाई थाँती राखेर प्रभावकारी कार्यसम्पादनमा सबै पक्षको महत्वपूर्ण सहयोग र सहमति रहने विश्वास व्यक्त गर्नुभयो । नेपालको मौलिक शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुटेरेसलगायत अन्तर ाष्ट्रिय समुदायले गरेको साथ र सहयोगका लागि उहाँले धन्यवाद दिनुभयो ।रासस

# 'कान्ति बाल अस्पताललाई अन्तर्राष्ट्रिय मापदण्डको बनाइने'




काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले कान्ति बाल अस्पताललाई अन्तर्राष्ट्रिय मापदण्डको बनाइने बताउनुभएको छ ।

महाराजगञ्जस्थित कान्ति बाल अस्पतालको निरीक्षण पश्चात मन्त्री पौडेलले सफाइ र सेवाको प्रभावकारिता बढाउन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "यहाँ आइसकेपछि आफूलाई बेवास्ता भएको महसुस सेवाग्राहीले नगरुन । यहाँ सीमित स्रोत र साधनमा भइरहेको काम प्रसंशनीय छ, यद्दपि तपाईहरूको अझैँ धेरै सक्रियता राज्य र जनताले खोजेको छ ।"

आफू यसै क्षेत्रको सांसदका रुपमा प्रतिनिधित्व गर्ने भएकाले पनि यस अस्पतालसँग र यहाँका समस्यासँग आफू जानकार रहेको मन्त्री पौडेलले बताउनुभयो । "अस्पतालमा भीड कसरी घटाउन सकिन्छ भन्नेतर्फ सबैले सोच्नु जरुरी छ । यसका लागि हामीले डिजिटल रुपमा सेवा सुरू गरेका छौँ, यसको प्रयोग सुरुआती दिनमा कम देखिए पनि विस्तारै बढ्छ ।

कुनै व्यक्ति उपचार गराउन आउँदा सोही दिन उसले सेवा सुविधा पाउनुपर्छ, यसलाई सम्भव गर्न यहाँका चिकित्सकसँगै सम्पूर्ण अस्पताल परिवारको सहयोग र सहकार्य चाहिन्छ", उहाँले भन्नुभयो ।

मन्त्री पौडेलले चिकित्सकले यसलाई पेसासँगै सामाजिक दायित्वका रुपमा लिनुपर्नेमा जोड दिनुभयो । फरक प्रसङ्गमा उहाँले वीर अस्पताल झैँ चिकित्सक र कर्मचारीले सेवा सुविधा नपाएको सुनिएकाले त्यसमा सक्दो समानता ल्याउने बताउनुभयो । सो अवसरमा मन्त्रालयका सचिव डा रोशन पोखरेलले गत वर्षको तुलनामा यसवर्ष अस्पतालमा १० प्रतिशत बढी बजेट विनियोजन भएको बताउनुभयो । उहाँले भन्नुभयो, "यो अस्पतालप्रति आम मानिसको विश्वास र यहाँको क्षमताकै कारण हामीले यसलाई अझैँ वृहत बनाउने नै छौँ । यसका लागि हामी तत्पर छौँ ।"

अस्पतालका निर्देशक डा पङ्कज रायले एक हजार शयूयाको अस्पताल बनाउन मन्त्रालयको सहयोग आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीकहाँ भएको जनशक्ति पर्याप्त नभए पनि हामीले सेवालाई थप सहज र प्रभावकारी बनाउन मेहनत गरिरहेका छौँ । हाम्रो वार्षिक र बहुवर्षीय योजनालाई मन्त्रालयले अगाडि बढाउन मद्दत गरिरहेको छ, यसले आगामी दिनमा थप सुविधा दिन सहयोग पुग्छ ।"अस्पताल सञ्चालक समितिका अध्यक्ष बाबुराम गौतमले यसै क्षेत्रका प्रतिनिधिसभा सदस्य मन्त्री बन्नुभएकाले अस्पतालको स्तर बढ्नेमा कुनै दुविधा नरहेको बताउनुभयो । सो अवसरमा मन्त्री पौडेलले १६ शयूयाको ' बालबालिका मनोचिकित्सा अन्तरङ्ग वार्ड'को उद्घाटन गर्नुभयो । रासस

# ऐन प्रभावकारी कार्यान्वयन नहुँदा अपाङ्गता भएकाहरु समस्यामा

काठमाण्डु । सुन्दरहरैचा-१० मोरङकी लक्ष्मी गुरागाइँ हाल काठमाडौँ नक्सालस्थित केन्द्रीय बहिरा क्याम्पसमा स्नातक अन्तिम वर्षमा अध्ययनरत हुनुहुन्छ ।

गुरागाइँलाई कक्षा १२ सकेपछि सूचना प्रविधि वा वाणिज्य अध्ययन गर्ने इच्छा थियो । ती विषय अध्ययन गर्ने सुविधा बहिरा क्याम्पसमा नभएको र एउटा मात्र पाठ्यक्रम भएका कारण उहाँले चाहनुभएको विषय अध्ययन गर्न पाउनुभएन । सोही क्याम्पसमा अध्ययनरत् सुनाईसम्बन्धी अपाङ्गता भएकी शर्मिला शर्माले पनि लक्ष्मीले जस्तै समस्या भोग्नुपऱ्यो । शर्मिलाले भन्ने उल्लेख छ । तर, व्यवहारमा कार्यान्वयन हुन नसकेको अपाङ्गता भएका व्यक्तिहरुको गुनासो छ ।

सरकारले विपन्नता, भौगोलिक विकटता वा अपाङ्गताको गम्भीरता समेतका आधारमा अपाङ्गता भएका व्यक्तिलाई आवास सुविधासहितको शिक्षा प्रदान गर्ने ऐनमा उल्लेख गरेको छ । परीक्षा र मूल्याङ्कन प्रणालीमा छुट्टै व्यवस्था गर्ने, अपाङ्गतामैत्री शैक्षिक सामग्री तथा विद्यालय भवन तथा भौतिक संरचनाको निर्माण गर्ने भनिएपनि विद्यालय शिक्षामा सुनाइसम्बन्धी अपाङ्



अनुभवी शिक्षक र दोभाषेको अभावलगायत समस्या भोग्नु परेको बताउनुभयो । लक्ष्मी र शर्मिला दुईजना उदाहरण मात्र हुन् । उहाँहरु जस्ता धेरै अपाङ्गता भएका व्यक्तिहरुले यस्तो समस्या भोग्दै आउनुभएको छ ।

'अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन-२०७४' लागु भएको छ वर्ष बित्दासमेत् प्रभावकारी कार्यान्वयन हुन नसक्दा अपाङ्गता भएका व्यक्तिहरु अन्यायमा परेका हुन् । उक्त ऐनमा 'सुनाइसम्बन्धी अपाङ्गता भएका, सुस्तश्रवण, तथा श्रवणदृष्टिविहीन भएका व्यक्तिलाई उपयुक्त भाषा, लिपि, तरिका, पाठ्यक्रम, पाठ्यपुस्तकलगायत पहुँचयुक्त सूचना प्रविधिको प्रयोगबाट शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउन सक्नेछ' ता भएका व्यक्तिको पहुँच तथा सिकाइमा सहभागिता कमजोर हुँदा उनीहरूको सिकाइ गुणस्तरीय हुनसकेको छैन ।

संविधानको धारा, ३२ मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुने उल्लेख छ । तर, त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । राष्ट्रिय बहिरा महासङ्घका महासचिव सन्तोष केसीले सुनुवाइसम्बन्धी अपाङ्गता भएका र श्रवण दृष्टिविहीन बालबालिकाको सिकाइ आवश्यकता र सिक्ने शैली फरक-फरक हुने भएकाले सिकाइ विधि, प्रविधि, सिकाइ सामग्री तथा क्रियाकलापसमेत् फरक प्रयोग गरी सहजीकरण गर्नुपर्ने बताउनुभयो ।रासस

# खोलामा डुबेर वृद्धको मृत्यु, बालिका बेपत्ता

टुडे समाचारदाता

मलंगवा । सर्लाहीमा खोलामा डुबेर एक वृद्धको मृत्यु भएको छ भने एक बालिका बेपत्ता भएकी छन् ।

जिल्लाको सुदूरदक्षिण-पश्चिम भेगस्थित बलरा नगरपालिका-१ स्थित हथिऔलमा बुधबार खोलामा डुबेर एक वृद्धको मृत्यु भएको छ भने एक बालिका बेपत्ता भएकी छन् ।

बुधबार घाँस काटेर घर फर्किरहेका बालिकाहरू मनुष्मारा खोलामा डुबेको देखेपछि उद्धार गर्न पुगेका वृद्धको नै डुबेर मृत्यु भएको हो । बालिकाहरूलाई बचाउन भनी खोलामा पसेका बलरा नगरपालिका-१ कै ६० वर्षीय गजेन्द्र साहको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

खोलामा डुबेर अजय गिरीकी छोरी १२ वर्षीया निशाकुमारी गिरी बेपत्ता छिन् । बेपत्ता निशाकुमारीको नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीय भएर खोजी गरेका छन् ।

घाँस काटेर फर्किँदै गरेकी १५ वर्षीया पिङ्की कुमारी गिरी भने पौडी खेलेर सकुशल बाहिर निस्कन सफल भएको सर्लाही प्रहरीले जनाएको छ ।

# एक क्वीन्टलभन्दा लागूऔषध गाँजा बरामद

टुडे समाचारदाता

राजविराज । सप्तरीमा एक क्वीन्टलभन्दा बढी लागूऔषध गाँजा बरामद प्रहरीले गरेको छ ।



जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका-१ स्थित कोशी व्यारेजस्थित गोलघर नजिक कोसी नदीको किनारबाट प्रहरीले मंगलबार राति एक सय १५ किलो लागूऔषध गाँजा नियन्त्रणमा लिएको छ ।

कोशी नदीको किनारमा बेवारिसे अवस्थामा काठको डुंगामा लोड गरी राखेको ८ बोरामा रहेको एक सय १५ किलो गाँजा बरामद भएको सप्तरी प्रहरीले जनाएको छ ।

कोशी व्यारेजबाट ठूलो परिमाणमा पटक पटक गाँजा बरामद हुँदै आए पनि तस्करी गर्नेभने पक्राउ गर्न प्रहरी चुकेको छ ।

मंगलबार राति बरामद भएको गाँजा बारे थप अनुसन्धान भइरहेको सप्तरी प्रहरीले जनाएको छ ।

**निमन्त्रणा**

श्री नगर डिहवार जानकीपट्टी जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ९ सरस्वती टोलको अषाढी पूजा यही २०८१ साउन ३२ गते शुक्रबारको दिन हर्षोल्लासका साथ हुन गइरहेकोले सम्पूर्ण नगरवासीलाई उपस्थित भइ दिन हुन हार्दिक निमन्त्रण गर्दछौं ।

**आग्रहकर्ता**
जानकीपट्टी नगर डिहवार समिति, जनकपुरधाम-९ स-परिवार

**विमालेख हरायो**

मेरो निम्न ब्यहोरा भएको सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं. लि. को विमा लेख मिति २०८१/३/२० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : आशा शर्मा**
**विमालेख नं.:२०१०००००१८०३**
**ठेगाना: जनकपुरधाम-१९, धनुषा**
**मो.नं. ९८०३७५९०१३**

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : धन वृद्धि सञ्चय । |
| तुला | : प्रेम प्रसंग, मित्र सुख । |
| वृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सर्लाहीमा खेतीयोग्य जमिन मासिदै



बरहथवा । सर्लाहीमा बर्सेनि खेतीयोग्य जमिन मासिदै गएको छ । यहाँ विगत १० वर्षमा एघार हजार चार सय ६ दशमलव ७ हेक्टर खेतीयोग्य जमिन मासिएको छ । जिल्लामा लगातार खेतीयोग्य भूभाग मासिने क्रम बढ्दो रहेको राष्ट्रिय कृषि गणना २०७८ को तथ्याङ्कले देखाएको हो ।

दश वर्ष अगि २०६८ मा भएको जनगणना तथ्याङ्क अनुसार जिल्लाको कूल भूभाग एक लाख २५ हजार नौ सय हेक्टरमध्ये ८४ हजार ६ सय ७८ हेक्टर खेतीयोग्य जमिन रहेको थियो ।

त्यही खेतीयोग्य जमिन घटेर अहिले ७३ हजार दुई सय ७१ दशमलव तीन हेक्टर क्षेत्रफलमा खुम्चिएको हो । अव्यवस्थित तवरले भइरहेको पूर्वाधार निर्माणको प्रत्यक्ष असर जिल्लाको खेतीयोग्य जमिनमा परेको जिल्ला कृषि ज्ञान केन्द्र सर्लाहीका कार्यालय प्रमुख देवानन्द राय यादवले बताउनुभयो ।

खेतीयोग्य जमिन अतिक्रमणमा पर्दै जाँदा जिल्लाको कृषि उत्पादनको अवस्थासमेत खस्कँदै गएको छ । सङ्घीयता कार्यान्वयनपछि थप तीव्र गतिमा खेतीयोग्य जमिन मासिने क्रम बढेको छ । "केही वर्ष पहिलासम्म धान फल्ने खेतमा अहिले पक्की भवन बनेका छन्", उहाँले भन्नुभयो । हरियो खेतका फाँटमा अहिले घरैघर छन् ।

अव्यवस्थित रुपमा भएका विकासको असर चौतर्फी परेको छ । खेतमा अन्धाधुन्द व्यापारिक भवन निर्माण गर्ने क्रम रोकिएको छैन । केही दशक अघि अन्न उब्जाउने खेत अब बाँकी नरहने प्रमुख यादवले बताउनुभयो । जनसंख्याको आधारमा नयाँ घर बन्नु, सोही अनुसार भौतिक पूर्वाधार निर्माण हुने प्रक्रिया भए पनि कृषियोग्य जग्गालाई प्लटिङ गर्ने, खेत-खेतमा चौडा सडक पुऱ्याउने लगायतको गतिविधिका कारण अनियमित किसिमले खेतीयोग्य जमिन नष्ट हुँदै गएको रामनगर गाउँपालिका अध्यक्ष राजाबाबु यादवले स्वीकार गर्नुभयो । "यसको नियन्त्रण आवश्यक छ ।" उहाँले भन्नुभयो ।

तराईको समथर फाँट जताततै सडक, पानी, बिजुली लगायतको सुविधिका कारण बसाइसराइँ बढेका कारणसमेत जिल्लाको खेतीयोग्य जमिन घट्दै गएको विभिन्न तथ्याङ्कहरुले देखाएको छ । "पहाडी भू-भागबाट तराई बसाइ भर्नेको केही पहिलासम्म ताँती नै हुन्थ्यो ।" सर्लाहीको बागमती नगरपालिका-१, का वडाध्यक्ष गम्भीर सिङ पाखिनले भन्नुभयो, "अहिले केही कम भएको छ । तर, असर त्यसको पनि परेको छ ।" सङ्घ, प्रदेश तथा स्थानीय तहले समेत भौतिक संरचना निर्माण, सडक लगायतका विकास गर्दा खेतीयोग्य उर्वर भूभागको संरक्षणमा विषेश ध्यान दिनुपर्ने देखिन्छ । रासस

# समानुपातिक सिटमा नाता र दातालाई ल्याउन हुन्न : सभापति खतिवडा

काठमाण्डु । प्रतिनिधिसभा, राज्यव्यवस्था समितिका सभापति रामहरि खतिवडाले समानुपातिक तथा समावेशी सिद्धान्तको मर्म र भावना विपरीत भएका अभ्यासमा सुधारको खाँचो औँल्याउनुभएको छ ।

नेपाल मतदाता अधिकार मञ्चले निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको प्रस्तावित विधेयकमाथि सुझावसहितको ध्यानाकर्षण पत्र ग्रहण गर्दै सभापति खतिवडाले समानुपातिक निर्वाचन प्रणाली नेताको विवेकमा नभइ नीति र पद्धतिमा चल्ने प्रणाली स्थापित गर्नु आजको आवश्यकता भएको बताउनुभयो ।

"समानुपातिक र समावेशीसम्बन्धी विषय अब नेपालबाट टाढा जान सक्दैन । जान पनि हुन्न । राजनीतिलाई स्थिरता दिएर देशलाई बलियो बनाउनेतर्फ लाग्नुपर्छ", सभापति खतिवडाले भन्नुभयो-"राज्यको मूलधारबाट पछि परेकालाई समेट्नुपर्ने सिटमा नाता र दातालाई ल्याउने काम बन्द गरिनुपर्छ ।"संविधानले परिकल्पना गरेअनुरुप महिला, पिछडिएका वर्ग र समुदायलाई राज्यको मूल प्रवाहमा ल्याउनुपर्नेमा जोड दिँदै सभापति खतिवडाले पहुँच र प्रभावका आधारमा एउटै व्यक्तिलाई धेरै पटक समानुपातिक प्रणालीमा ल्याइँदा त्यही समुदायको अर्को व्यक्ति मारमा पर्ने पक्षलाई हेक्का राख्न जरुरी छ भन्नुभयो ।

निर्वाचनसम्बन्धी प्रस्तावित विधेयक समितिमा आएपछि सरोकारवालासँग गहन र व्यापक छलफल हुने उल्लेख गर्दै सभापति खतिवडाले समानुपातिक प्रणाली वास्तमै राज्यको पहुँच र मूलधारबाट छुटेकालाई समेटने प्रणाली भएको धारणा राख्नुभयो । नेपालमा हाल अभ्यासमा रहेको निर्वाचन प्रणाली बारेमा विभिन्न पक्षबाट उठाइएका आवाजलाई राजनीतिक दल, जनप्रतिनिधि र सरकारको ध्यानाकर्षण भइरहेको उहाँको भनाइ थियो ।



त्यस अवसरमा मञ्चलगायत २३ सङ्घ संस्थाका प्रतिनिधिले नेपालमा निर्वाचन सुधार पहलका लागि 'जसको जति संख्या भार उसको त्यति उम्मेदवार' मूल नारासहित राष्ट्रिय अभियान सञ्चालन गर्दैआएको जानकारी दिए । उहाँहरुले महिलाभित्रको अन्तर-सामुदायिक समावेशीतालाई सम्बोधन गर्ने, दलित महिलालाई अल्पसंख्यक महिलाद्वारा प्रतिस्थापन गर्ने प्रस्ताव अस्विकार्य हुने, निर्वाचन क्षेत्र असुरक्षित र संरक्षित गर्ने, समानुपातिक सूचीमा सुधार ल्याउनुपर्नेलगायतका विषयमा सभापति खतिवडाको ध्यानाकर्षण गराउनुभयो ।रासस

# निरन नेपालद्वारा वार्षिक प्रगती सार्वजनिक




**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय अन्तर धार्मिक सञ्जाल नेपाल(निरन)ले वार्षिक प्रगती प्रस्तुत गरेको छ ।

बुधबार जनकपुरधाममा आयोजना गरेको कार्यक्रममा विभिन्न धर्म समुदायमा खास गरेर बालविवाह,महिला हिंसाहरुमा न्युनिकरणमा भएको प्रगतीको विषयमा विभिन्न धर्मका धार्मिक गुरुले आ आफनो मन्तव्य राखेका थिए । कार्यक्रममा मधेश प्रदेशकी शिक्षा मन्त्री रानी शर्मा तिवारीले निरनले विभिन्न धर्मका गुरुहरुलाई एकजुट गरि आ आफनो समुदायमा रहेको पछौटेपन हटाउन गरिएको प्रयास राम्रो रहेको बताईन् । उनले अहिले विभिन्न धर्ममा उक्साएर धार्मिक झगडा फैलाउदै आएको अवस्थामा विभिन्न धर्मलाई एकजुट हुनु आवश्यक रहेको र निरन संस्थाले गरेको प्रयास सराहनीय रहेको बताईन् । कार्यक्रममा मधेश प्रदशकी पुर्व राज्यमन्त्री शारदा थापाले संस्थाले बाल विवाह रोक्नमा गरेको प्रयास र मुश्लिम धर्मावलम्वीहरुलाई मदरशा शिक्षा बाहेक विद्यालय शिक्षामा पनि लगाव बढाएको प्रति संस्थाको सराहना गर्दै मुश्लिम धर्ममा रहेको तलाक प्रथालाई अन्त गर्न मुश्लिम धर्मगुरुहरुलाई आग्रह गरेकी थिईन् । कार्यक्रममा पुर्व राज्यमन्त्री रंजु मण्डल खंगले समेत संस्थाको प्रगतीको सराहना गरेकी थिईन् । निरन नेपालका अध्यक्ष भिक्षु पियादशी महर्जनको अध्यक्षमा भएको कार्यक्रममा संस्थाका महासचिव देबी प्रसाद लम्साल,मौलाना अनिसुल रहमान,प्रध्यापक शोभाकान्त झा,लक्ष्मी सुनार पासवान लगायतले आफनो धारणा व्यक्त गरेका थिए भने संस्थाकी सहजकर्ता शेख नाहिदा बानोले संस्थाको प्रगती विवरण सार्वजनिक गरेकी थिईन् ।

# सङ्क्रमणकालीन न्याय निरुपरणको गाँठो फुकाउने गरी कानुन बन्ने छ : सभापति लामिछाने



काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले सङ्क्रमणकालीन न्यायको विषयलाई टुङ्गोमा पुऱ्याउँदै गर्दा अन्तर्राष्ट्रिय चिन्ता र चासोलाई समेत ख्याल गर्न आग्रह गर्नुभएको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा बेपत्ता पारिएका व्यक्तिको छानबिन , सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथिको छलफलमा उहाँले शान्ति प्रक्रियालाई छिटो टङ्गो लगाएर न्यायको पर्खाइमा रहेका पीडितलाई राहत दिन सरकार, राजनीतिक नेतृत्व र तीसँग सम्बन्धित संरचना सफल हुनेमा शुभेच्छा व्यक्त गर्नुभयो ।

"यो अन्तराष्ट्रिय चासोको विषय हो । हामीले टुङ्ग्याएको मुद्दामा अन्तर्राष्ट्रिय रुमपा प्रश्न नउठने परिस्थिति बनाउन र उनीहरुको स्वभाविक चिन्ता र चासोबारे पनि ख्याल गरिनुपर्छ", उहाँले भन्नुभयो, "हामीले यसका लागि अभिलम्बन गर्ने प्रक्रिया पारदर्शी र पीडितमैत्री भएन भने अर्न्राष्ट्रिय जगतले निरन्तर प्रश्न गरिरहने छ ।"पूर्व उपप्रधान एवं गृहमन्त्री लामिछानेले सङ्क्रमणकालीन न्याय निरुपरणको गाँठो फुकाउने गरी कानुन बन्नेमा विश्वास व्यक्त गर्नुभयो । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग आयोगलाई स्वतन्त्र र निष्पक्ष बनाउन सभामार्फत सभापति लामिछानेले अपिल समेत गर्नुभयो ।

"कानुन आफैले न्याय दिने चाँही होइन । संरचना यसका लागि चाहिन्छ । र ती संरचनामा रहेन व्यक्तिको नियत अत्यन्त सफा चाहिन्छ", उहाँले भन्नुभयो, "फेरि पनि राजनीतिक स्वार्थका आधारमा दलीय भागबन्डासहित आयोग बनाइयो भने त्यो आयोगले जसोतसो काम त गर्ला तर पीडितलाई न्याय सुनिश्चित गर्न सक्दैन ।"

विगतमा सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता छानबिन आयोगले सरकारबाटै सहयोग नपाउँदा पर्याप्त काम गर्न नसकेको गुनासोबारे स्मरण गराउनुभयो । उहाँले भन्नुभयो, "अब बन्ने आयोगले पनि त्यही नियति भोग्ने हो कि ?" सभापति लामिछानेले आयोगमा पीडित पक्षको प्रतिनिधित्व हुन सके राम्रो हुने धारणा राख्नुभयो ।

"मेलमिलापका लागि पीडक पक्षले दबाब र प्रभाबमा पार्ने खतरा जहिल्यै हुन्छ । राजनीतिक नियुक्तिका भएर आउने महान्याधिवक्ताले आयोगमार्फत रायका लागि आउने घटनामा दलीय स्वार्थ रहने सम्भावना पनि त्यतिकै रहन्छ", उहाँले भन्नुभयो ।रासस

# "दिगो विकासका लागि ऐन जरूरी"

काठमाण्डु । वातावरण सन्तुलनसहितको दिगो विकासका लागि छुट्टै ऐन आवश्यक भएकामा सरोकार भएकाहरूले जोड दिएका छन् । विश्व वन्यजन्तु कोषसँगको सहकार्य र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको समन्यमा असल शासन संरक्षण मञ्चले बुधबार आयोजना गरेको 'रेखाङ्कित पूर्वाधारको विकासमा प्राकृतिक सम्पदाको सुरक्षा' विषयक नीतिगत कार्यशालामा विज्ञ तथा सरोकार भएकाहरूले यस्तो बताएका हुन् ।



वातावरण इञ्जिनियर डा अल्का सापकोटाले रेखिय पूर्वाधार विकासमा जैविक विविधताको संरक्षण र वन्यजन्तु सुरक्षाको विषयमा कार्यपत्र प्रस्तुत गर्नुहुँदै स्थानीय, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय असल अभ्यासबारे उल्लेख गर्नुभएको थियो ।

कानुनका जानकार डा अर्जुन खड्काले नेपालमा 'रेखाङ्कित पूर्वाधार विकासको सन्दर्भमा वन्यजन्तु तथा प्राकृतिक सम्पदा संरक्षणसम्बन्धी कानुनी पक्ष' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँले दिगो विकासका ऐन जरूरी रहेको बताउनुभएको थियो ।वनविज्ञ धनन्जय पौडेलले राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना तर्जुमा एवं कार्यान्वयनमा रेखिय पूर्वाधारको विकासमा प्राकृतिक सम्पदाको सुरक्षाको प्रत्याभूति गर्नुपर्ने विषयमा जोड दिनुभयो । विश्व वन्यजन्तु कोषका नीतिविज्ञ एकराज सिग्देलले वन्यजन्तु र जैविक विविधताको क्षेत्रमा नेपालले समयसापेक्ष रूपमा ऐन र कानुन परिर्वतन गर्नुपर्नेमा जोड दिनुभयो ।

नीतिविज्ञ कमल सुवेदीले वातावरण संरक्षण नियमावली र राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना निर्माण गर्दा रेखिय पूर्वाधारको विषय समेटनुपर्ने बताउनुभयो । उहाँले विश्वव्यापी रूपमा जैविक विविधता, जलवायु परिर्वतनको मुद्दा पेचिलो भएको समयमा नेपालले वातावरण संरक्षणको क्षेत्रमा आवश्यक नीतिगत सुधार गर्नुपर्ने सुझाव दिनुभएको थियो ।आर्थिक वर्ष २०७९/८० मा नेपालका संरक्षित क्षेत्रमा मात्रै विभिन्न कारणले पाँच सय ५८ वन्यजन्तुको मृत्यु भएकामा सडक दुर्घटना र नहरमा डुबेर मृत्यु हुनेको संख्या एक सय ८५ रहेको जानकारी दिइयो । पछिल्लो छ वर्षमा सडक दुर्घटनाका कारण सात सय ७६ वन्यजन्तुको मृत्यु भएको जनाइएको छ ।

विश्व वन्यजन्तु कोषका जैविक विविधता सल्लाहकार डा शान्तराज ज्ञवालीले मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण र वन्यजन्तुमैत्री पूर्वाधारको प्रवर्द्धन गर्नुपर्ने बताउनुभयो । उहाँले समृद्धिका लागि पूर्वाधार विकास आवश्यक भएको तर प्राकृतिक स्रोतको विनाश बढेको समयमा भौतिक पूर्वाधार निर्माण गर्दा मानव सभ्यताको पनि ख्याल गर्नुपर्नेमा जोड दिनुभयो ।वन तथा वातावरण मन्त्रालयका कानुन शाखा प्रमुख महेन्द्र साखीले वातावरण संरक्षणको सवालमा सर्वोच्च अदालतले दिएका आदेशको कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले नेपालमा हाइड्रोपावरको विकास र प्रसारण सञ्जाल निर्माण गर्दा वातावरण पक्षमा ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।

नेपाल विद्युत् प्राधिकरणका निर्देशक केदार सिलवालले देशीय एवं अन्तरदेशीय ट्रान्समिसन लाइन विस्तार गर्दा वातावरण संरक्षणमा जोड दिने किसिमका कानुन आवश्यक रहेको धारणा राख्नुभयो । कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका कानुन अधिकृत सुरक्षा खड्काले जैविक विविधता र जलवायु परिर्वतनको विषय अन्तरसम्बन्धित भएकाले अब बन्ने कानुनमा त्यसतर्फ ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।वातावरण एवं पूर्वाधारसँग सम्बन्धित मन्त्रालय र सरोकार भएका निकायका प्रतिनिधिहरूले नेपालमा विकास ऐन, वातावरण सुरक्षा ऐन आवश्यक भएको र वातावरण प्रभाव मूल्याङ्कन प्रक्रिया र पद्धतिलाई सरलीकृत गर्दै लैजानुपर्ने धारणा राखेका थिए ।रासस

# टिआरसी कार्यान्वयन प्रक्रिया र पीडितलाई न्याय दिने विषयमा निगरानी हुन्छ : अध्यक्ष लिङ्देन

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ (टिआरसी) लाई संसद्बाट चाँडो पारित गरेर पीडितलाई चाँडो न्यायको अनुभूति गराउन आग्रह गर्नुभएको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा विधेयकमाथिको छलफलमा भाग लिनुहुँदै राप्रपा अध्यक्ष लिङ्देनले चाँडो कानुन बनाएर पीडितलाई न्याय प्रत्याभूति र पीडकलाई सजाय प्रक्रिया प्रभावकारी रुपमा अघि बढ्नुपर्ने बताउनुभएको हो । "हामी ऐन कार्यान्वयन प्रक्रियालाई होसियारीपूर्वक हेर्नेछौँ र न्यायका लागि आवाज उठाउनेछौँ । यो प्रक्रियामा कसैलाई उपेक्षामा परेको अनुभूति राज्य पक्षले नगराओस्", उहाँले भन्नुभयो । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोगको कामलाई नजिकबाट निगरानी गरिरहेको पनि उहाँको भनाइ छ ।

सशस्त्र द्वन्द्वका क्रममा विस्थापित भएका नेपाली सेनाका परिवार अहिले पनि न्यायका लागि भौँतारिरहेको विषय अध्यक्ष लिङ्देनले संसद्मा उठाउनुभयो । "सशस्त्र द्वन्द्वका बेला विद्रोही पक्षले जागिर छोड्न बाध्य पारेका झन्डै दुई हजार पूर्वसेनाका परिवार न्याय पर्खिरहेका छन् । रासस

# नेपालको शान्ति प्रक्रियाले नयाँ इतिहास रच्ने अध्यक्ष नेपालको विश्वास

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले शान्ति प्रक्रियालाई पूर्णता दिन राजनीतिक दलहरुबीच भएको सहमतिले नयाँ इतिहास रच्ने विश्वास व्यक्त गर्नुभएको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथिको छलफलमा उहाँले अन्तिम विन्दुमा आइपुगेको शान्ति प्रक्रियालाई सम्पन्न गर्न विलम्ब गर्न हुने धारणा राख्नुभयो । "शान्ति प्रक्रिया अन्तिम चरणमा आइपुगेको छ, अब धेरै ढिला नगरौँ । दुई/दुई पटक दुवै आयोगमा पदाधिकारी नियुक्ति गऱ्यौं, राज्यको लगानी खेर गयो", पूर्वप्रधानमन्त्रीसमेत रहनुभएकानेपाललेभन्नुभयो,"पीडित परिवार न्यायको प्रतीक्षामा छन्, जघन्य अपराध गर्नेले दण्ड पाउनुपर्छ, पुराना कुरालाई थन्क्याइ राखेर बदलाको भावनाबाट राख्ने गर्नु हुँदैन ।"

पीडितका समस्यालाई ध्यान दिँदै सिङ्गो शान्ति प्रक्रियालाई सम्पन्न गर्ने बाटोमा अघि बढ्नुपर्नेमा जोड दिँदै अध्यक्ष नेपालले यसलाई पूर्णता दिन सम्पूर्ण राजनीतिक दल एकताबद्ध हुनुपर्ने बताउनुभयो । "शान्ति प्रक्रियालाई पूर्णता दिन केही राजनीतिक दलमात्र मिलेर हुँदैन, सबै राजनीतिक दलको साझा विषय बनाउनुपर्छ", उहाँले भन्नुभयो, "आज महत्वपूर्ण विधेयक पारित हुँदैछ । यसले नयाँ इतिहास कायम गर्नेछ ।"

सङ्क्रमणकालीन न्यायसँग जोडिएका कामलाई सम्पन्न गर्न सबैको सहयोग आवश्यक रहेको उल्लेख गर्दै अध्यक्ष नेपालले त्यसका लागि आफ्नो पार्टी पू प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो । विसं २०५४ देखि तत्कालीन नेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग पटकपटक भेटघाट र छलफल हुँदै आएको स्मरण गर्दै उहाँले त्यसअवस्थामा माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन आफूले भूमिका खेल्दै आइरहेको जानकारी दिनुभयो ।रासस

# एनसेलमा रोमिङका बेलामा एसएमएस अलर्ट र ओटीपीको सुविधा

टुडे समाचारदाता


काठमाण्डु । एनसेलका सबै मोबाइल नम्बर/ग्राहकहरुले कुनै पनि सर्ट कोड वा सेवा प्रदायकहरुले पठाएका वान टाइम पासवर्डहरु (ओटीपी), एसएमएस र अन्य एसएमएसमार्फत आउने जानकारी तथा सूचनाहरु आफ्नो मोबाइलमा प्राप्त गर्न सक्छन् । यसरी प्राप्त गरिने वा पठाइने जानकारी तथा सूचनाहरुले विशेष गरि केवाईसीमा मोबाइल नम्बर चाहिने र आम नेपाली नागरिकलाई आफ्ना सेवा, सुविधाका बारेमा जानकारी तथा सूचित गराउन डाटा बेस राख्ने सरकारी निकायहरुलाई ठूलो महत्व राख्दछ ।

विविध डिजिटल सेवाहरूको प्रयोग बढ्दो क्रममा रहेको हालको अवस्थामा ग्राहकहरूले एप्लिकेशन टू पर्सन (एटूपी) म्यासेजहरु जस्तै ओटीपी, एसएमएस र अन्य नोटिफिकेसनका रुपमा प्राप्त गर्ने गर्दछन् । यस्ता ओटीपी, एसएमएस र नोटिफिकेशनहरु सरकारी निकायहरु, अर्ध-सरकारी निकायहरु, बैंक तथा वित्तिय संस्थाहरु, विभिन्न सेवा प्रदान गर्ने निजी क्षेत्रका संघसंस्थाहरु र गुगल र फेसबुक जस्ता विश्वव्यापी प्लेटफर्महरूले पठाउँछन् ।

Ncell

"हाम्रा कुनै पनि नम्बर रेन्जमा एटूपी म्यासेज वा नोटिफिकेशन डेलिभरीको समस्या छैन । हरेक वर्ष बढिरहेको एटूपी म्यासेज प्रवाह डिजिटलाइजेसनको सकारात्मक सूचक हो, जसले हाम्रा ग्राहकहरू सधैं अन रहेको देखाउँछ," एनसेलका चीफ कमर्शियल अफिसर उमेर मोहसिनले भने । "सुरुवातमा ९७० रेन्जमा केही प्रारम्भिक समस्याहरू देखिएका थिए । हामी पुनः स्पष्ट पार्न चाहन्छौं की ती समस्याहरु विभिन्न प्रमुख सेवा प्रदायकहरूको द्रुत समझदारीका साथ समाधान गरिसकिएका छन् । उदाहरणका लागि एनसेलका ग्राहकहरुले आन्तरिक राजश्व कार्यलय, नेपाल विद्युत प्राधिकरण, बैंक तथा वित्तिय संस्थाहरु र विभिन्न सामाजिक सञ्जालहरुबाट ओटीपी प्राप्त गर्दै आएका छन् ।"

एनसेलको नम्बरमा एसएमएस, ओटीपी र नोटिफिकेसन नआउने भन्ने गलत बुझाईका बारेमा स्पष्ट पार्दै एनसेलले देशभित्र र बाहिर विदेशमा रोमिङमा भएको बेलामा एनसेलका सबै नम्बरहरु यस्ता जानकारी तथा सूचनाहरु प्राप्त गर्न योग्य रहेको बताएको छ ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### ढुलमुले नीतिले सरकार चल्दैन

मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले हप्ता दिन पूर्व आफैले सपथ गराएका राज्यमन्त्रीहरुलाई आठ दिन नकट्दै बर्खास्त गरेका छन् । बर्खास्त हुनेमा जनमत पार्टी, नेकपा एमाले, नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालका छन् । पाँच जना हप्तादिनमै बर्खास्त भए भने, अन्य तीन जना झण्डै दुई महिना सरकारमा रहे । जनमत पार्टीले पहिलो पटक मधेश प्रदेश सरकारमा दलित महिला रञ्जुकुमारी मण्डल खंगलाई राज्यमन्त्री बनाएर खुब प्रचारबाजी गरेको थियो । तर उनलाई पनि सरकारमा २ महिना टिक्न नदिई सोझै बर्खास्त गरे । मधेश प्रदेशमा जनमत पार्टीको दलगत हैसियत चौथौँ नम्बरको छ । तर राजनीतिक घटनाक्रमले सरकारको नेतृत्व गर्न अवसर जुरेको छ । जनमत पार्टीको गठन नै संविधान जारी भइसकेर देश संघीयतामा गएपछि भएको हो । पहिलो चुनावमा मतदान बहिष्कार गरेको थियो । राजनीतिको मूल प्रवाहमा आएको जनमत पार्टीसित सरकार चलाउने प्रष्ट दृष्टिकोण देखिदैन । जनमत पार्टीका नेताहरुको भनाइ र गराइमा ठूलो फरक छ । मधेश प्रदेश सरकारको नेतृत्व गर्ने जिम्मेवारी पाएको जनमत पार्टीले संसदीय दलका नेतालाई किनारा लगाएर सिंहलाई मुख्यमन्त्री बनाएदेखि नै नेतृत्व आलोचित र पार्टीमा विवाद देखिएको हो । सबै निर्णय गर्ने पार्टी अध्यक्ष डा.सी.के. राउतले विवादित हुन थालेपछि अन्यको टाउकोमा थुपार्ने गरेका छन् । संसदलाई ५ करोड दिने, मन्त्रीमण्डल विस्तार लगायतका विषयमा डा.राउतको सहमति रहेकै थियो । तर निर्णय आलोचित हुन थालेपछि मुख्यमन्त्री सिंहलाई स्पष्टीकरण सोधेर चोखिने प्रयास गरेका हुन् । प्रदेश सरकारका राज्यमन्त्रीहरुलाई बर्खास्त गरेर अपमान गर्नु भन्दा राजीनामा लिएर स्वीकृत गर्न सकिन्थ्यो । राज्यमन्त्री भएकाहरुको पनि प्रतिष्ठा रहने थियो । उनीहरु पनि सभासद हुन् । जनमत पार्टीले सरकारको नेतृत्व गरिरहे पनि ठोस नीति बनाउन सकेको छैन । शिक्षा र स्वास्थ्यको विषयमा भाषण गर्ने जनमतका नेताहरुले आफ्नै सरकारले मधेश कृषि विश्वविद्यालय र मधेश विश्वविद्यालयलाई चालु आर्थिक वर्षमा १०र १० लाख बजेट विनियोजन गर्नु र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा समेत बजेट कटौती गर्नाले भनाइ र गराइमा तारतम्य नरहेको देखिन्छ । संविधान अनुसार मधेश प्रदेशमा २१ जना मन्त्री बन्ने प्रावधान छ । तर २० जना मन्त्री बनाएको हप्ता दिनसम्म समेत अडान लिन नसक्ने जनमत पार्टी र मुख्यमन्त्री सिंह ढुलमुलमा रहेको देखिन्छ । ढुलमुले नीतिले सरकार चल्दैन । यसले प्रदेशमा अस्थिरता निम्तिने छ । ठोस र प्रष्ट नीति बनाएर सरकार अगाडि बढनु पर्छ ।

# नेपाल र चीनबीचको सम्बन्धको आधार



महेन्द्रप्रकाश सिवाकोटी

नेपाल र चीनबीच दौत्य सम्बन्ध स्थापना भएको ७० वर्ष पुगेको छ । नेपाल र चीन, दुई पुराना सभ्यताका प्रमुख मित्रराष्ट्रहरू, अनादिकालदेखि नै आपसमा गहिरो सम्बन्ध राख्दै आएका छन् । हिमालय पर्वतको शृंखला र विभिन्न भौगोलिक, सांस्कृतिक, आर्थिक, सामाजिक र ऐतिहासिक पक्षहरूले जोडिएका यी दुई देशबीचको सम्बन्ध औपचारिक र अनौपचारिक तहमा विकसित हुँदै आएको छ । पहाड, पर्वत, नदीनाला र हिमालयले मात्र नभई, सांस्कृतिक, धार्मिक, सामाजिक र सामरिक रूपमा पनि नेपाल र चीनबीचको सम्बन्ध दृढ र व्यापक भएको छ । नेपाल-चीन सम्बन्धलाई अझै सुदृढ बनाउनका लागि समय-समयमा विभिन्न सन्धि-सम्झौताहरू भएका छन्, जसले यी दुई राष्ट्रलाई पारस्परिक सुरक्षा, व्यापारिक सहकार्य र अन्तर्राष्ट्रिय सम्बन्धहरूमा एक-अर्काको महत्वपूर्ण साझेदार बनाएको छ । नेपाल र चीनबीचको यो सम्बन्धले क्षेत्रीय स्थायित्व र शान्तिमा पनि महत्वपूर्ण योगदान पुर्‍याएको छ ।

नेपाल र गणतन्त्र चीनको बीच दौत्य-सम्बन्ध स्थापना गर्ने सम्झौतामा नेपाल सरकार र गणतन्त्र चीन सरकारका बीच २०१२ श्रावण १२ गते (२७ जुलाई १९५५) मा हस्ताक्षर भएको थियो । दुवै सरकारले पाँच सिद्धान्तलाई आपसको सम्बन्ध सञ्चालन गर्ने मूल सिद्धान्त हुनुपर्छ भन्ने स्वीकार पनि गरेका छन् । यसमा एकले अर्कोको सार्वभौमिकता र राज्य क्षेत्रको अक्षुण्णताको सम्मान गर्ने, अनाक्रमण, आर्थिक, राजनैतिक र सैद्धान्तिकरूपका कुनै कारणबाट पनि एकले अर्कोको आन्तरिक मामलामा हस्ताक्षेप नगर्ने, समानता र पारस्परिक हित र शान्तिपूर्ण सहअस्तित्वलाई स्वीकार गरिएको थियो । नेपालको परराष्ट्रनीतिको प्रमुख लक्ष्य सुरक्षा हो । नेपालको चीनप्रतिको सम्बन्धको मुख्य आधार भनेको नेपाल दुई ठूला राष्ट्रबीचको राष्ट्र भएकाले सुरक्षा र स्वाधीनता नै यसको मुख्य विषय भएको छ । चीनसँगको सम्बन्धको प्राथमिक आधार पनि यही नै हो । सुरक्षाको स्वार्थलाई नै नेपालले चीनसँगको सन्धि-सम्झौता गर्दा प्रमुख आधार बनाएको हुन्छ । नेपाल विकासशील र पिछडिएको मुलुक भएकाले विदेशी सहयोग र सद्भावनाद्वारा आर्थिक विकास गर्ने लक्ष्य रहेको छ र चीनसँगको सम्बन्ध र सन्धि-सम्झौताको दोस्रो आधार पनि यसैलाई मानिएको छ । त्यस्तै चीनको पनि नेपालसँगको सम्बन्धका लागि सुरक्षा स्थायित्व र अन्तर्राष्ट्रिय क्रियाकलापमा समर्थन नै प्रमुख रूपमा रहेको पाइन्छ । चीनको दक्षिणमा रहेको नेपाल हुँदा नेपालले सधैँ चीनको सुरक्षाको लागि महत्वपूर्ण स्थान लिएको छ । चीन सधैँ हिमालय क्षेत्रमा शान्ति र स्थायित्व चाहन्छ । यसो हुँदा नै हिमालय क्षेत्रमा शान्ति भएमा चीनको समेत सुरक्षा हुने हुँदा नेपालसँगको सम्बन्धलाई यही सुरक्षात्मक अवधारणालाई प्रमुखता दिएको पाइन्छ ।

यस्तै चीनको नेपालसँगको दोस्रो स्वार्थ भनेको तिब्बतमा स्थायित्व कायम गर्नु हो । तिब्बतमा बारम्बार हुन सक्ने अस्थिरताबाट सुरक्षित हुनका लागि चीनले नेपालबाट चीनविरूद्ध हुने कुनै पनि कदमलाई प्रोत्साहित नगरियोस् भन्ने कुरामा ध्यान दिई यसैका लागि सन्धि-सम्झौताहरूमार्फत यो स्थिति प्राप्त गर्न खोजेको पाइन्छ । चीनको तेस्रो स्वार्थ भनेको अन्तर्राष्ट्रिय क्षेत्रमा चीनको नीतिको राजनीतिक समर्थन चाहेको देखिन्छ । एक चीनको नीतिको रूपमा तिब्बत तथा ताइवानलाई अलग राज्य नमानी एउटै राज्यको रूपमा मान्यता नेपालले कायम राखोस् भन्ने चीनको स्वार्थ देखिन्छ । छिमेकी नेपाल हुँदा यसलाई यो समर्थनको विशेष अर्थ पनि रहन्छ । यस्तै चीनको अन्तर्राष्ट्रिय क्षेत्रमा रहेको नीतिलाई नेपालले समर्थन गरोस् वा समर्थन नगरेपनि यसको विरोधमा नजाओस् भन्ने चीनको चाहना रहेको पाइन्छ । यसैले नेपालको सुरक्षा स्थायित्व तथा नेपालको विकासमा सहयोग गर्नका लागि चीनले सहयोग गर्ने नीतिअन्तर्गत नै वैध सम्बन्ध स्थापित गर्ने उद्देश्यले सन्धि-सम्झौताहरू भएको देखिन्छ ।

> नेपालले चीनबाट वर्तमान परिवर्तित सन्दर्भमा पूर्वाधार विकास, व्यापार र बजार पहुँच, पर्यटन, सांस्कृतिक र शैक्षिक आदान-प्रदान, जलवायु परिवर्तन र वातावरणीय सहकार्य, आर्थिक सहयोगमा वृद्धिजस्ता क्षेत्रहरुमा लाभ लिन सक्छ । पूर्वाधार विकासका लागि नेपालले चीनबाट सडक, रेल्वे र ऊर्जा परियोजनामा लगानी वृद्धि गर्न पहल गर्नुपर्छ ।

नेपालले चीनबाट वर्तमान परिवर्तित सन्दर्भमा पूर्वाधार विकास, व्यापार र बजार पहुँच, पर्यटन, सांस्कृतिक र शैक्षिक आदान-प्रदान, जलवायु परिवर्तन र वातावरणीय सहकार्य, आर्थिक सहयोगमा वृद्धिजस्ता क्षेत्रहरुमा लाभ लिन सक्छ । पूर्वाधार विकासका लागि नेपालले चीनबाट सडक, रेल्वे र ऊर्जा परियोजनामा लगानी वृद्धि गर्न पहल गर्नुपर्छ । चीनसँगको सहकार्यले नेपालको भौगोलिक सम्पर्कमा सुधार ल्याई व्यापार, पर्यटन, र क्षेत्रीय विकासलाई तिब्र बनाउन सक्छ । यो प्रयासले देशभित्रको यातायात प्रणालीलाई पनि आधुनिकीकरण गर्न मद्दत पुर्‍याउनेछ । यसले नेपालको आर्थिक वृद्धि र समृद्धिमा महत्वपूर्ण योगदान दिन सक्छ ।

नेपालले चीनसँगको सम्बन्धबाट पर्यटन, कृषि, र उत्पादन क्षेत्रमा चिनियाँ लगानी आकर्षित गरेर अझै धेरै लाभ लिनसक्छ । व्यापारिक मार्गहरू, जस्तै ट्रान्स-हिमालय बहुआयामिक सम्पर्क नेटवर्क विकास गर्नाले व्यापार र लगानीमा वृद्धि हुन सक्छ । चीनसँगको व्यापार सम्बन्ध विशेषगरी कृषि उत्पादन र हस्तकला सामग्रीको लागि चिनियाँ बजारमा पहुँच विस्तार गरेर अझै बलियो बनाउन सकिन्छ । यसले नेपालको निर्यातको विविधिकरणमा मद्दत पुर्‍याउनेछ र व्यापार घाटा घटाउनेछ । साथै, स्थानीय उत्पादनहरूलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन र आर्थिक अवसरहरू सिर्जना गर्न पनि मद्दत पुग्दछ । यसले नेपालको व्यापारिक सम्बन्धलाई दीर्घकालीन र सुदृढ बनाउन सक्छ । चीनसँग पर्यटन सम्बन्धलाई प्रोत्साहन गरेर नेपाललाई चिनियाँ पर्यटकहरूको प्रमुख गन्तव्यको रूपमा प्रचार गर्न सकिन्छ । यसबाट चिनियाँ पर्यटकहरूको संख्या वृद्धि हुने र नेपालको आतिथ्य, सेवा क्षेत्र, र स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्नेछ । साथै, पर्यटनले दुई देशबीचको सांस्कृतिक आदान-प्रदानलाई पनि बढावा दिनेछ ।

यसैगरी दुई देशबीचको सांस्कृतिक र शैक्षिक सम्बन्धलाई प्रगाढ बनाउनका लागि छात्रवृत्ति, भाषा कार्यक्रम, र संयुक्त अनुसन्धान पहलहरू सञ्चालन गर्न सकिन्छ । यसले दुवै देशका नागरिकहरूबीच आपसी समझदारी बढाउनेछ र शैक्षिक सहकार्यले नेपालको मानव संसाधनलाई सुधार गर्नेछ । यस प्रकारको आदान-प्रदानले दुवै देशका युवाहरूमा मित्रता र सहकार्यको भावना बलियो बनाउनेछ । जलवायु परिवर्तन र वातावरण संरक्षणमा नेपालले चीनसँग सहकार्य गरेर साझा चुनौतीहरूको समाधान गर्न सक्छ । हिमालयको संरक्षण, दिगो विकास, र वातावरणीय व्यवस्थापनका क्षेत्रमा संयुक्त प्रयास गर्न सकिन्छ । यसबाट दुवै देशले जलवायु परिवर्तनका नकारात्मक प्रभावहरूको सामना गर्न सक्नेछन् र दिगो अभ्यासहरूलाई प्रवर्द्धन गर्न मद्दत मिल्नेछ । यस्तो सहकार्यले दुवै राष्ट्रको वातावरणीय समृद्धिमा योगदान दिनेछ । विश्वव्यापी गतिशीलतामा परिर्वतनको रूपमा नेपालले चीन र भारत दुवैसँगको सम्बन्धलाई सन्तुलनमा राख्न सक्दछ । दुवै छिमेकीहरूसँगको सहकार्यबाट लाभ उठाउँदै आफ्नो सार्वभौमिकता र स्वतन्त्रतालाई कायम राख्न सक्छ ।

नेपाल र चीनबीचमा विभिन्न किसिमका सन्धि-सम्झौताहरू भएका छन् । नेपाल र चीनबीचको सम्बन्ध प्राग ऐतिहासिक कालदेखि नै भएको थाहा पाइन्छ । नेपाल उपत्यकामा पानीको सतह रहेकै अवस्थामा नेपालमा महामञ्जुश्रीको आगमन भएको थियो । उनले त्यसबेलाका यहाँका कविला राज्यलाई पराजित गरी नयाँ राज्यको स्थापना गरेका थिए । यो युद्ध हिमाल पारको व्यापार खुलाउन र दक्षिणतर्फबाट आफूलाई सुरक्षित गराउनका लागि महामञ्जुश्रीले आधिपत्य कायम गरी नयाँ राज्यसँग सम्झौता गरेको भन्ने देखिन्छ । त्यसयता दुई देशबीच विभिन्न समयमा दर्जनौं भएका सन्धि-सम्झौताहरू भएका छन् । हुम्ला राज्यसँग सन्धि, स्रोङचङ गोम्पोसँगको सन्धि, खश चीन सन्धि, नेपाल तिब्बत मुद्रा सन्धि, भीममल्लको भोटसँगको सन्धि, रामशाहको सन्धि, मुद्रा विवाद र गोरखासँगको सन्धि, नेपाल भोट युद्ध र केरूङ् सन्धिहरु भएका थिए ।

त्यस्तै नेपाल तिब्बत चीनबीचको बेत्रावती सन्धि, १७९३, नेपाल तिब्बतबीचको थापाथली, १८५६ को सन्धि, नेपाल भोटबीचको केरूङ सन्धि १८८४, नेपाल-चीन सम्झौता १९५६, नेपाल-चीनबीचको पञ्चशीलको सन्धि, आर्थिक सहयोग सम्झौता, सन् १९५६, शान्ति तथा मैत्री सन्धि, अप्रिल २८, १९६०, नेपाल-चीन सीमा सम्झौता १९६०, राजमार्ग निर्माणसम्बन्धी सम्झौता, व्यापार सम्झौता १९६४, नेपाल र चीनबीच स्वशासित क्षेत्र तिब्बत र नेपालबीचको सम्झौता १९६६, नेपाल र चीनबीच व्यापार सम्झौता १९६८, व्यापार तथा भुक्तानी सम्झौता १९७४, नेपाल र तिब्बतबीच व्यापारलगायतसम्बन्धी सम्झौता १९८६ गरिएका थिए । यसैगरी सन् १९९९ पछि सांस्कृतिक सम्झौता, सैनिक सम्झौता, आर्थिक व्यापारिक समिति गठनको सम्झौता र आर्थिक सहयोग सम्झौता पनि भएका छन् ।

समग्रमा नेपाल र चीनबीचको सम्बन्ध सुमधुर, गहिरो र भरपर्दो हुनुपर्छ । चीनको सुरक्षाका लागि नेपाल र नेपालको सुरक्षाका लागि चीन एक-आपसमा कटिबद्ध, मजबुत र एकताबद्ध हुन सकेको खण्डमा दुवै देश एशियाका चम्किला तारा झैं स्थापित हुनेछन् । चीनले पनि नेपालको सुरक्षाका लागि योगदान दिएको छ र नेपालले पनि चीनको सुरक्षाका लागि योगदान दिएको छ । हामीले यो इतिहासलाई कहिल्यै भुल्नु हुँदैन । नेपाल र चीनबीचमा बेलाबखत हुने गरेका मतभेदहरूलाई सौहार्दतापूर्वक छलफल-बहस गरेर समाधान गर्नुपर्दछ ।

व्यापार असन्तुलनको व्यवस्थापन र पूर्वाधार परियोजनाहरूले स्थानीय समुदायलाई फाइदा पुर्‍याउन सुनिश्चित गर्न नसक्नु आज दुई देशबीचका प्रमुख चुनौतीहरू हुन् । दुई देशबीचको यति लामो सम्बन्धलाई कुनै पनि हालतमा बिग्रन दिनु हुँदैन । दुवै देशबीच सन्धि-सम्झौता गर्ने तर कार्यान्वयन नगर्ने हो भने एक-आपसमा चिसोपना आउन सक्छ । तसर्थ, नेपाल र चीनबीचमा भएका सन्धि-सम्झौताहरूलाई सम्बन्धित पक्षले कार्यान्वयनमा विशेष जोड दिनुपर्छ । चीनको प्रविधि र समृद्धिलाई नेपालमा के कसरी जोड्न सकिन्छ, त्यस विषयमा पनि दुवै देशले ध्यान दिएर एक-आपसमा साथ सहयोगको भावना अगाडि बढाउनु जरूरी देखिन्छ । संक्षेपमा, नेपाल-चीन सम्बन्धले भविष्यको विकासको लागि ठूलो सम्भावना बोकेको छ । यस सम्बन्धलाई सावधानीपूर्वक व्यवस्थापन गरेर, नेपालले आफ्नो रणनीतिक स्थानलाई आर्थिक समृद्धि र दिगो विकास प्राप्त गर्न उपयोग गर्न सक्नुपर्छ । (लेखक नेपाल सरोकार मञ्चका अध्यक्ष हुनुहुन्छ)रासस

# सुशीलदा'ले सुसेलेका राजनीतिक निष्ठा



डा शोभाकर पराजुली

राजनीतिमा अलि विरलै जन्मिन्छन्, सादगी अनि जीवनभरि सत्यलाई अँगाल्ने नेताहरू । नेपाली राजनीतिले पाएको अनि गुमाएको एउटा त्यस्तै नेता हुनुहुन्थ्यो सुशील'दा । अर्थात् सुशील कोइराला । नेपाली राजनीतिको एउटा ऐतिहासिक परिवार हो-कोइराला परिवार । त्यही वंशको एक अंश हुनुहुन्थ्यो सुशील कोइराला । उहाँले कहिल्यै पद र लाभको लालच राख्नुभएन । जीवनपर्यन्त उत्तिकै 'सादगी' भएर उहाँ सदाका लागि बिदा हुनुभयो । तर राष्ट्र अनि जनतालाई केही अनमोल उपहारहरू दिनुभयो । देशमा प्रजातन्त्र स्थापनाका लागि आफ्ना सारा जीवन पार्टी, सङ्गठन अनि प्रजातान्त्रिक लडाइँका लागि खर्चिनुभएका उहाँले आफ्नै निजी अनि राजनीतिक जीवनको अन्तिम बेला दिएको एउटा त्यस्तै 'बेसकिमती' उपहार हो- नेपालको संविधान २०७२ ।


विसं १९९६ साउन २८ गते विराटनगरमा जन्मिनुभएका सुशीलदा' पिता बोधप्रसाद र माता कुमुदिनीका पहिलो सन्तान हुनुहुन्थ्यो । उहाँका अरू छ भाइ र एकजना बहिनी हुनुहुन्थ्यो । विराटनगरको कोइराला परिवार आफैँमा एउटा ऐतिहासिक परिवार हो । जसले नेपालमा राजनीतिको जग बसाएको थियो । देशमा प्रजातन्त्रको लहर त्यही परिवारबाट सुरु भएको थियो र त्यसको प्राप्तिका लागि कैयौँ आन्दोलन त्यही परिवारको देन थियो । अन्ततः नेपालमा प्रजातन्त्रदेखि गणतन्त्रसम्मका उपलब्धिहरूमा कोइराला परिवारको अतुलनीय र अविराम योगदान रहेको छ ।

यो राजनीतिक परिवारमा रहनुभएका सुशीलदा'का पिता भने कर्मचारी हुनुहुन्थ्यो । सुशील कोइराला विराटनगरमा जन्मिनुभयो तर उहाँको परिवार भने नेपालगञ्जमा बसाइँ सरेको थियो । पिता बोधप्रसाद सरकारी जागिरे हुनुहुन्थ्यो र उहाँ जागिरको सिलसिलामा बाँके जिल्लाको नेपालगञ्ज जानुभयो । अनि परिवारलाई पनि त्यतैतिर राख्नुभयो । सुशीलदा'ले पछि आफ्नो राजनीतिक क्षेत्र पनि नेपालगञ्जलाई नै बनाउनुभएको थियो । २०४८ र २०५६ सालमा भएको आम निर्वाचनमा उहाँले नेपालगञ्जबाटै चुनाव जित्नुभएको थियो ।

राणा शासनको अन्त्यपछि लगभग २०१० सालतिरबाट बिपी कोइरालासँगै राजनीतिमा जोडिनुभएका उहाँ त्यसपछि जीवनभरि कोइराला परिवारसँगै राजनीतिमा गाँसिरहनुभयो । कहिल्यै पनि उहाँले आफ्ना लागि सुखसयलको जिन्दगी रोज्नु भएन । अनि कुनै लाभको पद पनि चाहनु भएन । गिरिप्रसाद कोइरालाले आफ्नो जीवनको अन्तिमकालमा उहाँलाई पार्टीको कार्यवाहक सभापतिको जिम्मेवारी दिनुभएको थियो । त्यसअघि उहाँ आफैँले कहिल्यै पनि आफ्ना लागि कुनै पद वा लाभ माग्नु भएन । बरु आफूसँग भएको सम्पत्ति बेचेर कुनै बेला बिपीलाई औषधोपचार गरेको कथा कहानीहरू कताकता लेखिएका छन् तर सुशीलदा' आफैँले कहिल्यै आफ्नो स्वार्थका लागि कुनै पनि काम गर्नुभएन । त्यतिमात्रै होइन, उहाँ पार्टीमा केन्द्रीय सदस्यदेखि महामन्त्रीसम्म पनि हुनुभयो तर लाभका पदहरू वा जिम्मेवारीमा सधैँ अरूलाई नै रोज्नुभयो ।

सुशीलदा'ले सधैँ भन्ने गर्नुहुन्थ्यो, 'राजनीति भनेको शक्तिको प्रदर्शन र त्यसको अभ्यास मात्रै होइन, बरु राजनीति भनेको त्यस्तो अभ्यास हुनुपर्छ जसले जनताको जीवनमा परिवर्तन आओस् अर्थात् उनीहरूका साधारण अनि आधारभूत आवश्यकहरू पूरा हुन सकून् ।' अर्थात् राजनीतिलाई उहाँ आफैँले पनि कहिल्यै शक्ति प्रदर्शन र अभ्यासका रुपमा लिनुभएन । उहाँ सधैँ राजनीतिमा त्यो शक्तिको अभ्यास नभएर सही अभ्यास चाहिन्छ भन्ने मान्यता राख्नुहुन्थ्यो । जीवनका करिब १६ वर्षहरू उहाँले भारतमै निर्वासित भएर बिताउनुभयो । भारतमा रहँदा उहाँले नेपाली कांग्रेसले प्रजातान्त्रिक आन्दोलनको सन्देश दिन प्रकाशन थालेको 'तरुण' पत्रिका सम्पादन गर्नुहुन्थ्यो । अनि सँगै त्यो बेला उहाँले बिपी कोइरालाको अन्तिम अवस्थासम्मै सेवा गर्नुभयो । बिपी अस्वस्थ र उहाँलाई अप्ठ्यारो परेका बेला सुशील कोइराला आफैँले मजदुरी गरेर भए पनि बिपीको परिवार धानिदिनुभएको थियो । बिपीको परिवारसँग यस्ता सम्बन्धहरूका कारण पनि उहाँले राजनीतिमा नैतिकता, आदर्श अनि निष्ठालाई कहिल्यै डगमगाउन दिनुभएन ।

विसं २०३६ मा नेपाली कांग्रेसको केन्द्रीय सदस्य हुनुभएका उहाँ त्यसपछि महामन्त्री, उपसभापति र कार्यवाहक सभापति हुँदै निर्वाचित पार्टी सभापतिसम्म हुनुभयो । त्यसपछि मात्रै उहाँ देशको प्रधानमन्त्री हुनुभएको थियो । त्यो पनि देश एउटा सङ्क्रमणकालबाट गुज्रिरहेका बेला । नेपाली कांग्रेसको केन्द्रीय सदस्य भएपछि उहाँ पूर्णकालीन पार्टी र सङ्गठनमै लाग्नुभयो । त्यही बेला जनमत सङ्ग्रहको लहरका बेला बहुदलका पक्षमा प्रचारप्रसार गर्न उहाँ नेपाली कांग्रेसका तर्फबाट निकै सक्रिय हुनुभएको थियो । त्यसपछि २०४६ सालको जनआन्दोलनका बेला गिरिजाप्रसाद कोइरालासँगै उहाँ पनि अग्रमोर्चामै खटिनुभयो तर त्यसपछिका उपलब्धिहरूमा उहाँले कहिल्यै लोभ देखाउनुभएन र लालच पनि राख्नुभएन । त्यो बेलामात्रै होइन, त्यसपछि पनि पटकपटक सरकारमा मन्त्री बन्न आएका प्रस्तावहरूलाई उहाँले अस्वीकार गर्नुभयो । यसबाट उहाँमा पद र प्रतिष्ठाको लोभ कत्ति पनि थिएन भन्ने प्रस्ट हुन्छ । लाभका यस्ता पदहरू छोडेर बरु उहाँले सधै पार्टी र सङ्गठनका लागि मात्रै आफूलाई समर्पित गर्नुभयो ।



विसं २०६७ मा भएको नेपाली कांग्रेसको बाह्रौं महाधिवेशनमा उहाँ प्रत्याशी शेरबहादुर देउवालाई पराजित गर्दै नेपाली कांग्रेसको सभापतिमा निर्वाचित हुनुभयो । त्यो बेला संविधानसभाको पहिलो निर्वाचन भएको थियो र माओवादी सत्तामा थियो । संविधान जारी गर्न सकस भइरहेको थियो । अन्ततः प्रधानमन्त्री डा बाबुराम भट्टराईले तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीलाई दोस्रो संविधानसभाको चुनाव गराउने जिम्मेवारी दिएर सरकारको जिम्मा लगाइछोडे । पहिलो संविधानसभा भङ्ग भयो । २०७० सालमा रेग्मी अध्यक्षताको सरकारले फेरि संविधानसभाको चुनाव गरायो । त्यही चुनावमा बाँके र चितवनबाटै सुशील कोइरालाले अत्यधिक मत ल्याएर विजयी हुनुभयो । संविधानसभामा नेपाली कांग्रेसको संसदीय दलको नेतामा चुनिएपछि नेपाल कम्युनिष्ट पार्टी (एमाले) र राप्रपासहितको समर्थनमा उहाँ २०७० माघ २८ गते देशको प्रधानमन्त्री निर्वाचित हुनुभयो । उहाँ नेपालको ३७औँ र गणतन्त्र आइसकेपछिको छैटौँ प्रधानमन्त्री हुनुहुन्थ्यो ।

विसं २०७० मा भएको संविधानसभाको निर्वाचनमा नेपाली कांग्रेस ठूलो पार्टी भएको थियो । बहुमतप्राप्त यो पार्टीबाट प्रधानमन्त्री भएका कोइरालाको काँधमा मात्रै सरकार चलाउने जिम्मेवारी थिएन, बरु अघिल्लो संविधानसभाले अलपत्र पारेको संविधानलाई पूर्णता दिने असाधरण जिम्मेवारी बोकेर सुशीलदा' सरकारको नेतृत्वमा जानुभएको थियो । राष्ट्र र जनताको हितमा सधैँ चट्टानजस्तै अडान र अठोटमा अडिग रहने सुशीलदा'ले अन्ततः त्यो ऐतिहासिक जिम्मेवारी पनि पूरा गर्नुभयो । विसं २०७२ मा संविधान जारी गर्दा देशमा उस्तै अराजकता फैलिएको थियो । संविधानमा आफ्ना 'अधिकार' लेखाउन र आफू अनुकूलका धारा उपधाराहरू राख्न देशका सबै पक्ष लगभग आन्दोलनमै थिए । तराई-मधेस त एक प्रकारले विद्रोही जस्तै भइसकेको थियो तर कोइरालाले अरू सबै काम कुरा एकातिर राखेर सबैलाई अपनत्व महसुस हुने गरी संविधान जारी गरेरै छोड्नुभयो । देशभित्रै सलबलाइरहेका र बाह्य शक्तिलाई समेत माथ दिनेगरी कोइरालाले त्यो बेला देशका सबै राजनैतिक दलहरूलाई संविधान जारी गर्नुपर्छ भन्ने पक्षमा एकढिक्का बनाउनुभयो । यसबाट उहाँमा भएको समन्वय र सामञ्जस्यताको क्षमता झल्किन्छ ।

पार्टी सभापति हुँदा सुशीलदा'लाई उहाँका अङ्गरक्षकले गाडीको बीचको सिटमा बस्न भन्थे तर उहाँले मान्नुभएन । उहाँले सधैँ भन्नुहुन्थ्यो, "मैले कसको के बिगारिदिएको छु र मलाई असुरक्षा हुने ?" यो भनेको उहाँमा भएको एक प्रकारको निष्ठा हो । जुन राजनीतिक निष्ठाले कसैको पनि अहित हुने काम गरेको छैन । बरु ती अङ्गरक्षकका रुपमा खटिएका सुरक्षाकर्मीले पटकपटक आफ्ना हाकिमका सामु स्पष्टीकरण दिनुपरेको थियो तर कहिल्यै उहाँ आफूमाथि कसैले कुदृष्टि राखेको छैन भन्नेमा ढुक्क हुनुहुन्थ्यो । न आफ्नो निजी जीवनलाई उहाँले तडकभडक बनाउनुभयो न राजनीतिक जीवनलाई 'कुलीन' बनाउनुभयो । उहाँले बिहे गर्नुभएन । आफ्नो निजी सम्पत्ति पनि राख्नुभएन । आफूसँग जे थियो त्यो सब पार्टी, सङ्गठन राजनीति र देश अनि नागरिकको अधिकारको लडाइँका लागि समर्पण गर्नुभयो ।

राजनीतिक निष्ठाका हिसाबले समकालीन राजनीतिज्ञहरूमध्ये सुशीलदा' जत्तिको नेता अहिले नेपालमै छैनन् । त्यस्ता नेता पाउनका लागि कैयौँ राजनीतिक पुस्ता पर्खिनुपर्ने हुन्छ । कोइराला परिवारबाटै राजनीतिक दीक्षा पाएर सधैँ त्यो परिवार र परिवारले अँगालेको राजनीतिक आदर्शको बाटोमा इमान्दारिताका साथ आफू र पार्टी अनि राजनीतिलाई हिँडाएका कोइरालामाथि उहाँका विरोधीहरूले विभिन्न आरोप पनि लगाए । उहाँलाई पार्टीभित्र 'सकुनी'को सङ्ज्ञासमेत दिइयो तर उहाँ सधैँ पार्टीलाई सामूहिक निर्णयमा चल्नुपर्छ भन्ने बाटोमै लाग्नुभयो । अन्ततः उहाँप्रति बनाइएका त्यस्ता नकारात्मक भाष्यहरू आफैँ हराएर गए तर सुशीलदा'ले नेपाली राजनीतिमा छोडेको शान्त, सादगी र शक्तिशाली बिम्बहरू कहिल्यै मेटिने छैनन् ।रासस

## संसद्मा प्रधानमन्त्री ओलीको सम्बोधनः

# शान्ति पक्षधरका लागि खुसीको विषय

काठमाण्डु प्रधानमन्त्री केपी शर्मा ओलीले शान्तिप्रक्रिया थालनी भएको १८ वर्षपछि सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनमा सहमति हुनु शान्तिका पक्षधरहरूका लागि खुसीको विषय भएको बताउनुभएको छ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा समसामयिक विषयमा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले सहमतिका साथ कानुन पारित हुने चरणमा पुगेकाले पारित भएका कानुनलाई कार्यान्वयन गर्न सरकारले यथेष्ट सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूले ३० साउन, २०८१ मा प्रतिनिधिसभाको बैठकमा सङ्क्रमणकालीन न्यायलगायत समसामयिक विषयमा गर्नुभएको सम्बोधनको पूर्णपाठः

**सम्माननीय सभामुख महोदय,**

आज थोरै समयमा केही विषयहरुमा आफ्नो खुसी पनि व्यक्त गर्ने र केही विषय प्रष्ट पार्ने हिसाबले म यहाँ उभिएको छु।

**सभामुख महोदय,**

म खुसी के व्यक्त गर्न चाहिरहेको छु भने, हाम्रो देशमा द्वन्द्व थियो, द्वन्द्वलाई हामीले शान्ति प्रक्रियामा परिणत गर्‍यौँ र शान्ति प्रक्रिया अगाडि बढ्यो। हामीले भन्दै आएका छौँ-यो शान्ति प्रक्रिया मौलिक (होमग्रोन) हो। हामी आफैँले यस प्रक्रियालाई आफ्नै हिसाबले प्रारम्भ गरेका हौँ। यो हाम्रो आफ्नै प्रयासबाट अगाडि बढेको छ। त्यही कारण हुनसक्छ, यो सफलतापूर्वक अगाडि बढेको छ।


शान्ति प्रक्रियाका अन्य तमाम कुराहरु कहिले अलि तीव्र बेगमा र कहिले अलिक धिमा गतिमा अघि बढेको भए पनि हामीले सकारात्मक ढङ्गले समाधानमा पुऱ्याएका छौँ। समाधान हुँदै आएका छन्। र, दुनियाँका लागि एउटा नमुनाका लागि शान्ति प्रक्रिया, द्वन्द्वलाई व्यवस्थापन गर्ने प्रक्रिया, फेरि द्वन्द्व नहोस् भन्ने प्रक्रियालाई हामीले अगाडि बढाएका छौँ। द्वन्द्वलाई मूल प्रवाहीकरण (मेनस्ट्रिम) मात्रै होइन, त्यसबाट अलगथलग भएर द्वन्द्वका नीति र अभ्यासहरु जारी राखिरहेका समूह वा पृथकतावादीको सोच बोकेका समूहजस्ता अनेक समूहलाई हामीले शान्ति र लोकतन्त्रको राष्ट्रिय राजनीतिको मूलधारमा ल्याइसकेका छौँ। एउटा चिज त्यही पनि बाँकी थियो-'टिआरसी' भन्ने। सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिहरुको छानबिनसम्बन्धी विषय। यी विषयहरु टुङ्गो लगाउनुपर्ने थियो। यी विषयहरु एउटै शब्दभित्र टिआरसी अथवा सत्यनिरुपण तथा मेलमिलापभित्र समेटिने विषय हुन्।

यस सम्बन्धमा हामीले अलिक ढिलै गरेर २०६३ सालको सुरुमा यद्यपि १२ बुँदेदेखि गन्ने हो भने २०५२ सालदेखि नै हामीले शान्ति प्रक्रियालाई अगाडि बढाएका हौँ। तर पनि त्यसको हामीले युद्धविराम गरेर शान्ति प्रक्रिया अगाडि बढाएको २०६३ को सुरुदेखि। त्यसयता १८ वर्ष बितिसकेको छ। ती १८ वर्षहरुमा हामीले द्वन्द्व व्यवस्थापनका सन्दर्भमा, शान्ति प्रक्रिया अगाडि बढाउने सन्दर्भमा थुप्रै उपलब्धिहरु हासिल गरेका छौँ। तर पनि सत्यनिरुपण तथा मेलमिलाप जस्ता विषय टुङ्गो लागेको थिएन। यस सम्बन्धमा हामीले २०७१ सालमा ऐन बनायौँ। त्यसको कार्यान्वयन गर्न खोज्यौँ। कतिपय ऐनका कमजोरीले होला, कतिपय व्यावहारिक कमजोरीले होला तर बढी ऐनका कमजोरीले हुन सक्छ। त्यसकारण हामीले ऐन संशोधन गर्ने प्रक्रिया अगाडि बढायौँ। त्यससम्बन्धमा काफी 'प्रोग्रेस' भएर पनि केही बुँदाहरु, केही विषयहरु अल्झिएका थिए। ती विषयहरु जेलिएका थिए, तिनको गाँठो फुकाउने भन्छ नी, त्यो गाँठो फुकाउन जरुरी थियो। अहिले संसदीय समितिबाट त्यससम्बन्धी सर्वसम्मतिका साथ प्रतिवेदन आइसकेको हामी सबैलाई थाहा छ। हिजो संसद्मा त्यो पेस भइसकेको छ। आज त्यससम्बन्धमा बहस गर्ने र त्यसलाई पारित गर्ने, त्यो काम पनि हुनेछ। हामीले पीडितमैत्री भएर यी प्रतिवेदन ल्याएका छौँ। पीडित पक्षलाई कुनै करकापमा नपरिकन सहमतिका साथ यस दस्तावेजलाई अगाडि बढाएका छौँ, यसलाई कानुनका रुपमा अगाडि बढाएका छौँ। प्रतिनिधिसभाले आज पास गर्ला। केही दिनभित्र राष्ट्रियसभाले पनि पास गर्नेछ। यो हामी सबैका लागि, शान्तिका पक्षधर हामी सबै छौँ र हामी सबै शान्तिका पक्षधरहरुका लागि यो खुसीको विषय छ। र, यो ऐन बनिसकेपछि हामी यसमा यसअन्तर्गत आयोगहरु निर्माण गर्नेछौँ र आयोगलाई काम गर्न एकत यस कानुनले अनुकूलता प्रदान गरेको छ। अर्को कुरा, सरकारकोतर्फबाट म भन्न चाहन्छु, सहमतिका साथ ती आयोग बन्ने छन्, प्रभावकारी खालको आयोग बन्ने छ। त्यसलाई सरकारका तर्फबाट पूराका पूरा सहयोग हुन्छ र मैले विश्वास लिएको छु, सबै राजनीतिक दलहरुको तर्फबाट पनि सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरुको छानबिन आयोगका लागि साथ रहनेछ। यी दुईवटै प्रश्नमा सही निष्कर्षका साथ छोटो अवधिभित्र नेपालमा द्वन्द्वको अन्तिम किस्ता पनि व्यवस्थापन भइसक्यो भन्ने सन्देश दुनियाँलाई दिन हामी सफल हुनेछौँ। यसकारण मैले आफ्नो खुसी व्यक्त गर्न खोजेको भनेर भनेको हुँ।

मैले सन् २०१८ मा संयुक्त राष्ट्रसङ्घको महासभामा बोल्दा यो प्रक्रिया छिटो टुङ्गोमा पुग्छ भनेको थिएँ। मलाई सन् २०२४ सम्म यो प्रक्रिया पुग्ला जस्तो लागेको थिएन। त्यसबेला हामीले यसलाई छिट्टै समाधान गर्न सक्छौँ भन्ने ठानेका थियौँ। मैले संयुक्त राष्ट्रसङ्घको महासभामा भन्दा यो हाम्रो आफ्नै 'होमग्रोन' हो भनेर भनेको थिएँ। हाम्रो आफ्नै उपजका रुपमा यसलाई हामीले अगाडि बढाएका छौँ, सफलताका साथ अगाडि बढाएका छौँ र निष्कर्षमा पनि पुऱ्याउँछौँ भन्ने विश्वका अगाडि पनि बोलेको थिएँ। अब त्यो दिन साकार पार्ने सन्दर्भमा हामीले सहमतिका साथ एउटा कानुनको निर्माण, समितिबाट सहमतिका साथ आइसकेपछि जहाँ सबै पक्षको प्रतिनिधित्व छ, त्यहाँ सहमतिका साथ आइसकेपछि अब यहाँ विचारहरु तत्सम्बन्धमा छलफलमा सहभागी हुनुहुनेछ र राख्नुहुनेछ।

अरु स्वतन्त्र माननीय सांसदज्यूहरुले पनि राख्नुहुनेछ। हामी यस सन्दर्भमा एउटा दृष्टान्तयोग्य सफलता प्राप्त गर्दैछौँ। केही देशहरुमा मात्रै यति राम्ररी शान्ति प्रक्रिया सफल भएको होला। हामीले त्यसरी शान्ति प्रक्रिया सफल गरेका छौँ। केही देशहरुमा सुन्दर ढङ्गले भएको छ, केही देशहरुमा लम्बिरहेको छ। जहाँ राम्रा कुराहरु भएका छन्, राम्रो छिटो र सही ढङ्गले समस्याको समाधान भएको छ, त्यो हाम्रा निम्ति पनि अनुशरणीय हुन सक्छन्। हाम्रो राम्रो व्यवहारले दुनियाँमा द्वन्द्वको अन्त्य गर्न, शान्ति स्थापना गर्न र शान्तिलाई दीगो ढङ्गले कायम राख्न हाम्रा सफलताहरु उपयोगी हुनेछन् भन्ने कुनै दुविधा हुन जरुरी छैन।

हामी लोकतान्त्रिक प्रणालीमा छौँ। लोकतन्त्र मुख्य कुरा हो। समाजको व्यवस्थापन राज्यको सञ्चालन, राज्यको परिचालन, राज्य शक्तिको परिचालन, राज्यको कोषको परिचालन वा राज्य व्यवस्थाका सम्पूर्ण अवयवहरुको परिचालन हामीले लोकतान्त्रिक बाटोबाट गरेका छौँ। यस लोकतान्त्रिक बाटोमा कुनै दुविधा हामी कसैलाई छैन भन्ने मलाई लाग्छ। लोकतन्त्र एउटा प्रतिस्पर्धात्मक प्रणाली हो। लोकतन्त्रमा प्रतिस्पर्धा अस्वस्थ होइन, स्वस्थ प्रतिस्पर्धा हुन्छ। अस्वस्थ प्रतिस्पर्धालाई लोकतन्त्र भनिँदैन। मैले सदैव स्वस्थ प्रतिस्पर्धामा



जोड दिने गरेको छु। प्रतिस्पर्धी व्यवस्था, बहुदलीय व्यवस्था हाम्रो रोजाइ हो। हामीले छानेर, खुसीले रोजेर प्रतिस्पर्धात्मक प्रणाली अपनाएका छौँ। करकाप होइन, हामीले लडेर, सङ्घर्ष गरेर, बलिदान लिएर यो प्रणाली ल्याएका छौँ। यो समाजलाई सुव्यवस्थित गर्ने, राज्य सञ्चालन लोकतान्त्रिक ढङ्गले गर्ने, समाज सञ्चालन लोकतान्त्रिक ढङ्गले हुने र समाज लोकतन्त्रलाई एउटा आफ्नो जीवनपद्धति मानेर सरकार र समाज चल्ने प्रणाली, त्यसलाई व्यावहारिक रुपमा हामी सही र सफलतातर्फको यात्राका निम्ति प्रयोग गरिरहेका छौँ। म भन्न चाहन्छु-सरकार लोकतान्त्रिक प्रणाली, लोकतन्त्रका मूल्यमान्यताहरु देश र जनतालाई सर्वोपरी राखेर, देश र जनताका हितप्रति समर्पित भएर लोकतन्त्रका मूल्यमान्यताहरुलाई जीवनपद्धतिका रुपमा अवलम्बन गरेर, सुशासनका निम्ति भ्रष्टाचार अन्त्य गर्ने, नियन्त्रण गर्ने, त्यो आजै अन्त्य भई नहाल्ला तर अन्त्य गर्ने दिशामा हामी नियन्त्रण गर्दै जाने प्रतिबद्धतामा कुनै कमी रहने छैन। म फेरि सामाजिक मर्यादा, सभ्यता र शिष्टताका सीमाहरुलाई, सामाजिक बन्धनहरु, जो अदृश्य हुने गर्छन्। सामाजिक बन्धन, नैतिकताका बन्धन, इमानका बन्धन यस्ता कुराहरुको वास्ता नगरेर चल्ने खालका केही प्रवृत्तिहरु प्रकट भएका छन्।

यसप्रति हामी सजग रहनुपर्छ भन्नुको अर्थ यस्तो प्रवृत्तिबाट कसरी देशलाई मुक्त गर्ने रु यसका निम्ति विभिन्न ढङ्गले समाजलाई भड्काउन खोजिएको छ। केही कमीकमजोरीहरु होलान्, केही वाञ्छित उपलब्धिहरु हासिल नभएका होलान्। ती विषयलाई अतिरञ्जनाका साथ प्रस्तुत गरेर प्रणालीकैविरुद्ध जाने खालका अभिव्यक्तिहरु प्रकट भएको देखिन्छ। त्यससन्दर्भमा म भन्न चाहन्छु-सिङ्गै सदनलाई म आस्वस्त पार्न चाहन्छु र देशलाई नै म भन्न चाहन्छु, सरकार यस मामलामा सजग छ। हामी लोकतन्त्रका लागि लडेका हौँ, लोकतन्त्रका लागि बलिदान दिएका हौँ। बलिदान ख्यालख्याल कुरा होइन। सङ्घर्ष, त्याग ख्यालख्याल कुरा होइन, कठीन कुरा हो।

> निर्वाचित प्रधानमन्त्री अकारण जेल गएर बस्नु परेका दिनहरु हामीले याद गरेका छौँ। निर्वाचित सरकार बलजफ्ती अपदस्त गरिएका दिनहरु हामीले देखेका छौँ। पुग्यो कहाँ त, अलिक समय निरङ्कुशतामा पुग्यो, फेरि पुग्छ कहाँ, फर्किन्छ कहाँ त भन्दा लोकतन्त्रमै फर्किने हो।

पनि भन्न चाहन्छु। लोकतन्त्रको प्रणाली र यस प्रणालीको रक्षाका निम्ति कुनै प्रकारको कमी रहँदैन। लोकतन्त्र के हो र लोकतान्त्रिक प्रणालीलाई कसरी परिभाषित गर्ने र कसरी कार्यान्वयन गर्ने भन्ने व्यवस्था गर्न बनेको संविधान, त्यो संविधानको रक्षा र परिपालनामा सरकारको तर्फबाट कुनै कमी रहँदैन। त्यो पनि म स्पष्ट गर्न चाहन्छु। मैले सोचेको र ठानेको छु, मैले विश्वास लिएको छु,-हामी कसैको पनि त्यसमा मतान्तर छैन। लोकतान्त्रिक प्रणालीमा कसैको पनि मतान्तर अवश्य छैन। त्यसको रक्षाको सम्बन्धमा मतान्तर अवश्य छैन। लोकतन्त्रलाई जीवनपद्धतिका रुपमा स्थापित गर्ने, अपनाउने र सफलतापूर्वक अगाडि बढाउने कुरामा कसैको फरक विचार छैन र फरक व्यवहार हुँदैन भन्ने मैले विश्वास लिएको छु। त्यसरी हामी अगाडि बढ्ने छौँ।

अहिले केहीकेही प्रवृत्तिहरु लोकतन्त्रका विरुद्धमा देखापर्न खोजेका छन्। हामीले रोजेर ल्याएर स्थापित गरेको, सङ्घर्ष गरेर, बलिदान दिएर छानेको यस प्रणालीविरुद्ध गन्तव्य के हो भन्ने कुरा स्पष्ट नगरिकन केही प्रवृत्तिहरु, कहाँ पुग्ने भन्ने कुरा थाहा छैन, के बनाउने भन्ने कुरा थाहा छैन त्यसैले भड्काउने हिसाबले लागेका छन्। तर प्रणालीभन्दा बाहिरका प्रवृत्तिहरु हामी कठीन बाटो हिँडेर, कठीन सङ्घर्ष गरेर यो प्रणाली स्थापना गरेका हौँ। धेरै जनताको रगत बगेको छ, एकदुई जनाको होइन। धेरै जनताको रगत बगेको छ। मानिसका आयुका आयु गएका छन्।

म यहाँ स्मरण गर्न चाहन्छु, कोही नेताहरु निर्वासनमा बस्नुपऱ्यो, निर्वासनमा मर्नुप ऱ्यो र निर्वासनमै देशका बारेमा सङ्घर्ष, चिन्तन, प्रयास गर्दागर्दै निधन भएर शवसमेत आफ्नो देशभित्र ल्याउन दिइएन, देशभक्तहरुलाई। ती दिन हामीले बेहोरेका छौँ। निर्वाचित प्रधानमन्त्री अकारण जेल गएर बस्नु परेका दिनहरु हामीले याद गरेका छौँ।

निर्वाचित सरकार बलजफ्ती अपदस्त गरिएका दिनहरु हामीले देखेका छौँ। पुग्यो कहाँ त, अलिक समय निरङ्कुशतामा पुग्यो, फेरि पुग्छ कहाँ, फर्किन्छ कहाँ त भन्दा लोकतन्त्रमै फर्किने हो। त्यत्रो बलिदान भयो, त्यत्रा जनताले दुःख पाए, त्यत्रा मान्छे मारिए, त्यत्रो दुःखकष्ट भयो, धेरै अङ्गभङ्ग भयो, धेरै मारिए, धेरै परिवार छिन्नभिन्न भए। त्यो सबैको एकछिनको नतिजा त अधिनायकवादले जितेको जस्तो देखियो होला। तर, यो दीर्घकालीन हुँदैन, टिकाउ हुँदैन, दीगो हुँदैन। दीगो भनेको लोकतन्त्र मात्रै हो। टिकाउ भनेको लोकतन्त्र मात्रै हो। तसर्थ यो लोकतन्त्र, लोकतान्त्रिक प्रणाली र यसलाई व्यवस्थित गर्नका निम्ति नेपाली जनताले सबै क्षेत्रको प्रतिनिधित्व गरेर बनाएको, सबै क्षेत्रको प्रतिनिधित्व, यति धेरै समावेशी भएको संविधान हामीले बनायौँ। यो समावेशीतालाई ध्यानमा राखेर हामीले ६०१ जनाको संविधानसभा बनाएका थियौँ। एउटा संविधानसभा चार वर्षको कार्यकालमा असफल भएपछि विभिन्न जटिलताकाबीचबाट फेरि हामीले अत्यन्तै सावधानिका साथ अर्को संविधानसभाको निर्वाचन गरायौँ, अर्को संविधानसभा गठन गऱ्यौँ र अर्को संविधानसभाले संविधान बनाएरै छोड्यो।

संविधान संशोधनका कुराहरु कहिले कहिले उठ्छन्। अहिलेको सरकार र सत्तापक्षले पनि संविधान संशोधन जरुरी छ भनेको छ। म 'एस्योर' गर्न चाहन्छु, ढुक्क पार्न चाहन्छु साथीहरुलाई यसको अर्थ प्रतिगमन गर्छ भनेर कसरी सोच्न सकिन्छ रु जुन प्रतिज्ञा गरेर, जुन सपथ लिएर जेका लागि सङ्घर्ष गरेर, जेका लागि जे जस्ता दुःखकष्ट भोगेर हामी यस परिणाममा आएका छौँ, जनप्रतिनिधि भएका छौँ, जनप्रतिनिधि हुँदा हामीले जुन सपथ ग्रहण गरेका छौँ।

त्यसको खिलापमा जान सकिन्नँ। वाचाबन्धन सानो कुरा होइन। हामीले त्यहाँ लिखित 'सिग्नेचर' पनि गरेका छौँ। यो हस्ताक्षरको बन्धन, लिखतको बन्धन, यी साना कुरा होइनन्। अनि लोकतान्त्रिक प्रणाली मासेर जाने कहाँ रु तानाशाहीमाथि हामी विश्वास गर्दथ्यौँ भने राणाशासनका विरुद्ध कसरी लड्न सक्थ्यौँ, तानाशाहीले जित्छ, तानाशाही ठीक छ भन्ने विश्वास लिएर त्यसकैविरुद्ध कसरी लड्न सकिन्छ रु अधिनायकवाद ठीक छ, अधिनायकवादले नै जित्छ भनेर त्यसकैविरुद्धमा कसरी लड्न सकिन्छ रु हामी त अधिनायकवादका विरुद्ध लडेर आएका हौँ। हाम्रो अधिनायकवादी, तानाशाहीमाथि विश्वास हुँदैन। त्यसकारण हामी त्यसका विरुद्ध लडेका हौँ। हाम्रो विश्वास 'डेमोक्रेसी' माथि छ, त्यसकारण डेमोक्रेसीका लागि लडेका हौँ। लोकतन्त्रका लागि लडेका, त्यसमाथि विश्वास भएर हो। विश्वास नभइकन ज्यान दिन सकिँदैन, विश्वास नभइकन टाउको थाप्न सकिँदैन, विश्वास नभइ छाती थाप्न सकिँदैन, विश्वास नभइ गर्धन थाप्न सकिँदैन। यसमा हामी विश्वासका साथ उभिएका हौँ। तसर्थ, म फेरि पनि भन्न चाहन्छु-संविधान असंशोधनीय दस्तावेज होइन, संशोधनीय दस्तावेज हो। संशोधन लोकतन्त्रका मूल्यमान्यतालाई अझ बढी सुदृढ गर्न, अझ बढी व्यावहारिक बनाउन, अझ बढी उजिल्याउन र त्यसलाई प्रभावकारी बनाउनका लागि समयानुकूल गर्न, सुशासन र विकासका कामहरुलाई जनतालाई दिनका लागि हो।

जनतालाई 'डेलिभरी' उपलब्ध गराउने सन्दर्भमा जुन कुरा र कामले बढी उपयोगी बनाउन सकिन्छ, ती धाराहरु, उपधाराहरु केही फेरबदल गर्न नसकिने कुरा होइन। अर्को कुरा संविधान संशोधन गर्न सकिन्छ भन्ने कुरा हामीलाई जे मन लागेको छ, त्यही गर्छौं भन्ने कुरा होइन। संविधान चाहिएको देशका लागि हो, संविधान चाहिएको जनताका लागि हो। संविधान चाहिएको सुशासन र विकासका लागि हो। संविधान चाहिएको जनतालाई कसरी उनको जीवनमा परिवर्तन अझ बढी ल्याउन सकिन्छ, त्यसका लागि हो। त्यसकारण त्यसविपरीतको संविधान संशोधन कसरी हुनसक्छ रु हामी त्यसका लागि तयार छौँ र रु म त तयार छैन। देशका विरुद्ध, जनताका विरुद्ध, विकासका विरुद्ध, सुशासनका विरुद्ध, समावेशीता मास्नेगरी हामीले अहिले गरेका आधारभूत प्रस्तावनाहरु, संविधानका आधारभूत मूल्यमान्यताहरुमा परिवर्तन हुन सक्दैन। सङ्घीयता र लोकतान्त्रिक गणतन्त्र मास्नेगरी हामी जान सक्दैनौँ। यहाँनिर लोकतन्त्र भन्ने शब्द छ। हो, यो शब्द अत्यन्त महत्वपूर्ण छ। लोकतन्त्रका अवयवहरु हुन्-सङ्घीयता र गणतन्त्र। लोकतन्त्रलाई यथार्थमा लोकतन्त्र बनाउन ती कुराहरु आवश्यक छन् भनेर संविधानले व्यवस्था गरेको हो। त्यस कुरामा हामी अडिग छौँ भन्ने कुरा म स्पष्ट गर्न चाहन्छु। जहाँनिर विकासका लागि बाधा हुन्छ, जहाँ जनतालाई 'डेलिभरी' गर्न बाधा हुन्छ वा समयानुकूल ढङ्गले अनुभवका आधारमा केही कुराहरुमा परिमार्जन गर्नुपर्छ भने त्यो परामर्शका साथ, छलफलका साथ, सहमतिका साथ गरिनेछ। दुई तिहाइ त यसै पनि चाहिन्छ-संविधान संशोधन गर्न। तर जसोतसो दुई तिहाइ पुऱ्याउने भन्ने होइन। संविधानको सर्वस्वीकार्यताका पक्षहरुलाई ध्यानमा राखेर, संविधानलाई स्वीकार्यता र अस्वीकार्यताको रेखामा विभाजन गर्नेगरी नभई, सर्वस्वीकार्यता बनाउने प्रयासअन्तर्गत संविधान संशोधन हुनसक्छ र समयानुकूल गर्नुपर्छ भनिएको हो। यसका लागि राजनीतिक दलहरुका बीचमा, जनस्तरमा, संविधानविद्हरुका बीचमा छलफल गर्न जरुरी छ। यसमा हामी विभिन्न आफ्ना अनुभवहरु हेर्छौं र त्यस्ता अनुभवहरुका ठाउँमा त्यस्ता देशहरुले कस्तो गरेका छन् त, त्यो कुरालाई पनि हेर्छौं तर अरु कहीँको नक्कल होइन। हाम्रो आवश्यकताअनुसार हामी गर्छौं। संविधान निर्माण हामीले गरेका हौँ। संविधान बडो कठीन स्थितिमा निर्माण गरेका हौँ। त्यो कुरा हामी सम्झिरहेका छौँ। र, त्यसै गरेर संविधान निर्माण गर्दा संविधानप्रति कसैकसैलाई माया लागेको, कसैलाई माया नलागेको छँदैछैन, यसमा कुनै भ्रम राख्नुपर्ने आवश्यकता नै छैन। हामी सबै मिलेर संविधान बनाएका हौँ फेरि पनि सबै मिलेर संविधान कार्यान्वयन गर्छौं र त्यसलाई परिमार्जन गर्छौं।

अहिले समाजमा एक प्रकारको सामाजिक मूल्यमान्यताको बर्खिलाप हुनेगरी केही यस्ता 'टेन'हरु चलेका छन्। ती टेनहरुलाई रोक्नुपर्दछ। हामी यस गरिमामय संसद्का माननीय सदस्य, सांसदज्यूहरुले देशलाई लिड (नेतृत्व) गर्नुपर्दछ कि बोल्ने कसरी, सामाजिक मूल्यमान्यता कायम गर्ने कसरी यस सम्बन्धमा हामीले समाजलाई 'गाइड' गर्नुपर्दछ। अनि हामी गाइड नगर्ने र हामीले फरक ढङ्गले बोल्ने हो भने अरुलाई हामीले कुनै आलोचना गर्ने ठाउँ रहँदैन र सुझाव दिने पनि ठाउँ रहँदैन। त्यसकारण हामीले आफूलाई सभ्यता, शिष्टता र मर्यादाका सन्दर्भमा पनि आफूलाई नमुनाका रुपमा पनि प्रस्तुत गर्न सक्नुपर्दछ। यसरी हामी एउटा पारदर्शी, समावेशी, सुदृढ, सामाजिक न्याय र समानतासहितको अनुशासित, सुशासनयुक्त र समृद्ध समाज निर्माण गर्न सक्छौँ। मैले विश्वास लिएको छु-यसै बाटोबाट हामी नेपाललाई समृद्ध बनाउन सक्छौँ। तमाम नेपाली जनतालाई सुखी बनाउन सक्छौँ। समृद्धिका 'प्यारामिट'हरु, सुखका प्यारामिटरहरु यी सबै हामी पूरा गर्न सक्छौँ। यस उद्देश्यका लागि यसै सन्दर्भमा आज जुन विधेयक यहाँ प्रस्तुत हुँदैछ र हामी पारित गर्दैछौँ। केही दिनभित्र यसलाई सम्पूर्ण रुपमा पारित गरेर अगाडि बढ्नेछौँ। यसमा हामी सबैको सहमति रहनेछ, त्यो मैले विश्वास गरेको छु, रहोस् भन्ने चाहना गरेको छु। सकारात्मक हिसाबले देशलाई अगाडि बढाउने सन्दर्भमा यो पनि एउटा महत्वपूर्ण कोशेढुङ्गाका रुपमा हुनेछ भन्ने मैले विश्वास लिएको छु। अब धेरै समय टाढा जाँदैन, १० दिनको आसपासमा हामी यसलाई पारित नै गरिसक्छौँ। अरु ऐनलाई पनि क्रमशः छिटो पारित गर्ने दिशामा सरकारले सोचिरहेको कुरा म गरिमामय सदनसमक्ष निवेदन गर्न चाहन्छु।

सभामुख महोदय, यहाँले समय दिनुभएकोमा धन्यवाद भन्न चाहन्छु। सबै माननीयज्यूहरुमा शुभकामना। धन्यवाद !रासस

# नेपालको शान्ति प्रक्रिया विश्वकै 'रोल मोडल'

काठमाण्डु। सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताहरूले नेपालको शान्ति प्रक्रिया विश्वका लागि उदाहरणीय रहेको बताउनुभएको छ। प्रतिनिधिसभाको बुधबारको बैठकमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथिको छलफलमा उहाँहरूले मौलिकतामा आधारित रहेर शान्ति प्रक्रिया निष्कर्ष पुग्ने क्रममा रहेको बताउनुभयो।



सङ्क्रमणकालीन न्यायका विषयलाई टुङ्ग्याउन दलहरूबीच अभूतपूर्व एकता भएको उल्लेख गर्दै नेताहरूले मुलुक र जनताका लागि राजनीतिक दल एकताबद्ध हुन सक्छन् भनेर पुष्टि भएको टिप्पणी गर्नुभयो। उहाँहरूले सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयनमा जोड दिनुभयो।

जनता समाजवादी पार्टीका सांसद रन्जुकुमारी झाले सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विधेयक (टिआरसी) सदनबाट पारित भएपछि विश्वसामु नेपालको प्रतिष्ठा उँचो हुने बताउनुभयो। विधेयकले द्वन्द्व व्यवस्थापन र शान्ति प्रक्रियाको यात्रा अघि बढाउन महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्नुभयो। "सङ्क्रमणकालीन न्यायका विषयलाई टुङ्ग्याउन हामीले उदाहरणीय नमूना प्रस्तुत गरेका छौँ, सबै राजनीतिक दल र सांसद बधाईका पात्र हौँ", उहाँले भन्नुभयो, "टिआरसीले दलहरूलाई पुनःएकताबद्ध बनाएको छ, राष्ट्रिय सहमतिको संस्कार सुदृढ गर्ने अवसर दिएको छ।" मौलिकतामा आधारित रहेर नेपालका राजनीतिक दलले शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन विधेयक कार्यान्वयनमा इमान्दारिता देखाउन आवश्यक रहेको बताउनुभयो। "द्वन्द्वकाल समाप्त भएको दुई दशक पुग्न लागि सक्यो, पीडितलाई सबैले भावनात्मक रुपमा सहयोग गर्नुपर्छ", उहाँले भन्नुभयो। जनमत पार्टीका सांसद अब्दुल खानले प्रस्तुत विधेयक प्रमुख तीन दलको मात्र नभएर सिङ्गो संसद्को स्वामित्वमा पुगेको बताउनुभयो। उहाँले पीडितलाई न्याय दिन राजनीतिक शक्ति एकमत हुँदा अन्तर्राष्ट्रिय जगतमा नेपालको शान्ति प्रक्रिया उदाहरणीय बन्न सफल भएको बताउनुभयो।

अन्तर्राष्ट्रिय समुदायसँगै सरोकारवाला सबै पक्षले शान्ति प्रक्रियालाई चासोका साथ हेरिरहेको उल्लेख गर्नुहुँदै सांसद खानले पीडितका समस्या समाधानमा सबै राजनीतिक दल केन्द्रित हुनुपर्ने बताउनुभयो। उहाँले अन्तर्राष्ट्रिय मूल्य-मान्यतालाई ख्याल गरी पीडितको सहमतिमा न्याय निरुपण, परिपूरण तथा पीडितलाई न्याय प्राप्तिका लागि पुनःउजुरी गर्न पाउने अधिकारलाई विधेयकमा राखिनु सराहनीय रहेको उल्लेख गर्नुभयो।


नागरिक उन्मुक्ति पार्टीका सांसद गङ्गाराम चौधरी डगौराले प्रस्तुत विधेयक स्वागतयोग्य र सराहनीय भएको बताउनुभयो। उहाँले द्वन्द्वकालमा बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरुपरण तथा मेलमिलाप गरेर मात्रै शान्ति प्रक्रियाले पूर्णता पाउने बताउनुभयो।रासस

# दुई संसदीय समितिमा दुई जनाको मात्रै उम्मेदवारी

काठमाण्डु। सङ्घीय संसद्, संसदीय सुनुवाइ समिति र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिका सभापतिमा एक-एक जनाको मात्र उम्मेदवारी परेको छ।

सुनुवाइ समितिको सभापतिमा नेपाली कांग्रेसकी नेत्री एवं समिति सदस्य ईश्वरीदेवी न्यौपानेको मात्र उम्मेदवारी परेको संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयद्वारा जारी सूचनामा उल्लेख छ। उहाँको मनोनयन प्रस्तावकमा श्यामकुमार घिमिरे र समर्थकमा सुनिता बराल रहनुभएको छ।

यस्तै राज्यका निर्देशक सिद्धान्त समितिमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता एवं समिति सदस्य ठाकुरप्रसाद गैरेको उम्मेदवारी परेको छ। उहाँको प्रस्तावकमा सरस्वती सुब्बा र समर्थकमा दीलेन्द्रप्रसाद बडु रहनुभएको छ। समितिका सभापतिको निर्वाचनका लागि यही साउन ३१ गते बिहीबारको मिति निर्धारण भएअनुसार उहाँहरूको बुधबार उम्मेदवारी दर्ता भएको हो। विहिबार साउन ३१ गते बिहीबार ३ बजे बस्ने सम्बन्धित समितिको बैठकमा प्रस्तावकले उम्मेदवारीसम्बन्धी प्रस्ताव प्रस्तुत गर्ने र समर्थकले समर्थन गरेपछि प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिने निर्वाचन कार्यक्रमसम्बन्धी सूचनामा उल्लेख छ।



प्रतिनिधिसभा निर्वाचन भएको करिब डेढ वर्षपछि ती समितिका सभापति चयन हुन लागेको हो। यसअघि संसदीय सुनुवाइ समितिको बैठक ज्येष्ठ सदस्यको अध्यक्षतामा सञ्चालन हुँदै आएको थियो भने राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति यही साउन १६ गते गठन भएको हो।रासस

# बङ्गलादेश : बेपत्ता वकिलको रिहाइ र अनुभव

एएफपी

ढाका। आँखामा पट्टी बाँधेर, हतकडी लगाएर गोप्य जेलमा राखिएका बङ्गलादेशी वकिल अहमद बिन कासेमले आठ बर्षपछि जेलबाट बाहिर ल्याइएको महशुस गर्नुभयो । उँहाले बङ्लादेशमा भएको परिवर्तनबारे कुनै जानकारी पाउनुभएको थिएन। त्यसैले उहाँले आफूलाई हत्या गर्न बाहिर निकालिएको बुझ्नुभएको थियो । यद्यपि, उहाँले जेलबाट निस्किएपछि आठ वर्षमा पहिलोपटक स्वच्छ हावाको सम्पर्कमा आएको महशुस गर्नुभयो अनि लामो सास फेर्नुभयो।



उहाँको कल्पना विपरीत उहाँको आँखा खोलिदिइयो, हतकडी पनि खोलिदिइयो र ढाकाको बाहिरी इलाकासम्म कारमा ल्याई हिलो खाल्डोमा फ्याँकियो । आफ्नो रिहाईलाई प्रेरित गरेको राष्ट्रिय स्थितिबारे उहाँलाई अझै पनि कुनै ज्ञान थिएन।

"आठ वर्षमा पहिलोपटक मैले ताजा हावा पाएँ," ४० वर्षीय कासेमले एएफपीलाई बताउनुभयो । "मैले सोचेँको थिए कि उनीहरुले मलाई मार्न लगिरहेका छन् ।" कासेमको अपहरण र बेपत्ताका लागि जिम्मेवार प्रधानमन्त्री शेख हसिना वाजेद उहाँको रिहाइको केही घन्टाअघि राजीनामा दिएर देशबाट भाग्नु भएको थियो । अगस्ट ५ मा हसिना मित्रराष्ट्र भारततर्फ पलायन भएसँगै उहाँको १५ वर्षको शासनकालको अन्त्य भयो । यो अवधि उहाँको राजनीतिक विरोधीहरूको सामूहिक नजरबन्द र गैरन्यायिक हत्याका लागि जिम्मेवार थियो।

कासेमलाई सेनाको गुप्तचरद्वारा सञ्चालित ऐनाघर (हाउस अफ मिरर) मा नजरबन्दमा राखिएको थियो। त्यहाँ बन्दीहरूले आफूबाहेक अरू कसैलाई कहिल्यै देख्न सक्दैनथे। कासेमलाई आठ वर्षसम्म झ्यालविहीन एकान्त कारावासमा बन्दी बनाएर राखिएको थियो र उहाँको जेलरलाई बाहिरी संसारबाट समाचार प्रसारण नगर्न कडा निर्देशन दिइएको थियो। हिरासत केन्द्रमा गार्डहरूले कैदीलाई नजिकैका मस्जिदहरूबाट प्रार्थनाको लागि इस्लामिक आह्वान सुन्न नदिन दिनभरी सङ्गीत बजाउँने गरेका थिए। यसले गर्दा मुस्लिम समुदायका कासेमले सत्तामा आएपछि हसिनाको सुरक्षा बलले '६०० भन्दा बढी जबरजस्ती बेपत्ता' पारिएको बताएको थियो । सन् २०२२ मा ह्विसलब्लोअरको प्रतिवेदन विदेशमाप्रकाशितनभएसम्मऐनाघर जनताकालागिअज्ञातथियो।हसिना सरकारले यसरी जबरजस्ती बेपत्ता पारिएको कुरा अस्वीकार गरेको आरोपमाअलीमाथिमुद्दालगाइएको थियो । उहाँ र अन्य व्यक्तीलाई युद्ध अपराध न्यायाधिकरणले द्वन्द्व पीडितहरूलाई न्याय दिलाउने उद्देश्यले अभियोग लगाएको थियो । तर यो व्यापक रूपमा हसिनाका लागि राजनीतिक विरोधीहरूलाई उन्मूलन गर्ने माध्यमको रूपमा हेरिएको थियो।

> कासेमलाई अपहरण गरेको समयमा उहाँका दुई छोरीहरु तीन र चार वर्षका थिए । ठूली छोरीले आफ्नो बुबाको अपहरण भएको प्रत्यक्ष देखेकी थिइन् उनी अझै पनि विद्यालय बाहिर तैनाथ निजी सुरक्षा गार्डजस्ता केही अधिकारीहरुसँग डराउँछिन् । कासेमको कान्छी छोरीलाई आफ्नो बाबुको कुनै स्मरण छैन ।

आफ्नो प्रार्थनाको समय थाहा पाउन सक्नुभएको थिएन । उहाँ आफू अपहरण भएदेखि कति समय बित्यो भन्नेमा पनि अनविज्ञ हुनुहुन्थ्यो।

जब सङ्गीत बन्द हुन्थ्यो तब अन्य बन्दीहरूको पीडादायी आवाजहरू सुन्ने गरेको उहाँले बताउनुभयो । "बिस्तारै, बिस्तारै, मैले म एक्लो छैन भन्ने महसुस गर्न थालेँ", उहाँले भन्नुभयो, "मैले मानिसहरू रोइरहेको, यातना दिइरहेका र चिच्याएको आवाज सुन्थेँ । ह्युमन राइट्स वाचले गत वर्ष सन् २००९ मा छ र केही व्यक्तिहरू गैरकानुनी मार्गबाट युरोप पुग्ने प्रयास गर्दा भूमध्यसागरमा डुबेर बेपत्ता भएका दाबी गरेको छ।

कासेम आफ्नो अपहरणको कारणबारे जानकार हुनुहुन्छ । उहाँका बुबा मिर कासेम अली बङ्गलादेशको सबैभन्दा ठुलो इस्लामवादी पार्टी जमात-ए-इस्लामीका वरिष्ठ सदस्य हुनुहन्थ्यो । सन् १९७१ मा पाकिस्तानविरुद्ध स्वतन्त्रता युद्धको क्रममा स्वतन्त्रता समर्थक बङ्गलादेशीलाई यातना दिने अर्धसैनिक समूह चलाएको

कासेमले उक्त समयमा आफ्नो बुबाको तर्फबाट प्रतिरक्षाका लागि मुद्दा लडिरहनुभएको थियो । न्यायाधीकरणमा प्रक्रियागत त्रुटि र न्यायिक पक्षपातका बारेमा उहाँको नियमित जानकारी अधिकार समूह र संयुक्त राष्ट्रका विज्ञहरूले प्रतिध्वनित गरेसँगै उहाँ तत्कालिन सरकारको निशानामा पर्नुभएको थियो। एक रात सादा लुगा लगाएका मानिसहरू उहाँको घरमा प्रवेश गरे र उहाँलाई लतार्दै सिँढीबाट तल झारेर कारमा हाले। "मेरो बुबाको मृत्युदण्ड हुनुभन्दा केहीदिन अघि तिनीहरूले मलाई बेपत्ता पार्नेछन् भनेर मैले सपनामा पनि सोच्न सकिनँ," कासेमले भन्नुभयो।

मैले तिनीहरूलाई भन्ने गरेको थिए,"म विरूद्ध मुद्दा चलाउन म त्यहाँ हुनु आवश्यक छ । म मेरो परिवारसँग हुन आवश्यक छ ।"कासेमका बुबालाई उहाँलाई बेपत्ता पारिएको चार हप्तापछि फाँसी दिइएको थियो। कासेमलाई यो कुरा थप तीन वर्ष बित्दासम्म थाहा थिएन । जेलबाट बाहिर निकालेपछि कासेम आफ्नो घर जाने बाटो खोज्ने प्रयासमा रातभरी भौतारिनुभएको थियो । संयोगले, उहाँ एक परोपकारी संस्थाद्वारा सञ्चालित मेडिकल क्लिनिकमा पुग्नुभयो जसका लागि उहाँका बुबा एकपटक 'ट्रस्टी' रहनुभएको थियो।

उहाँलाई त्यहाँको एक कर्मचारी सदस्यद्वारा पहिचान गरियो र परिवारसँग सम्पर्कमा ल्याइयो । यतिवेलासम्ममा बङ्गलादेशमा विद्यार्थीहरूको विरोध प्रदर्शनको परिणामस्वरूप आफ्नो रिहाइ भएको कासेमले थाहा पाउनुभएको थियो । "यो सबै केही किशोरकिशोरीहरूले सम्भव बनाएका हुन्", उहाँले भन्नुभयो। "म साँच्चै आशावादी छु कि यो बङ्गलादेशको लागि भविष्यका लागि नयाँ दिशा फेला पार्ने अवसर हुनेछ।"उहाँकी श्रीमती तहमिना अख्तरले कासेमको मुद्दाको विषयमा भएको प्रचारले आफ्ना बच्चाहरूले विद्यालयमा बहिष्कार हुनुपरेको महसुस गरेको बताउनुभयो।

कासेमलाई अपहरण गरेको समयमा उहाँका दुई छोरीहरू तीन र चार वर्षका थिए । ठूली छोरीले आफ्नो बुबाको अपहरण भएको प्रत्यक्ष देखेकी थिइन् उनी अझै पनि विद्यालय बाहिर तैनाथ निजी सुरक्षा गार्डजस्ता केही अधिकारीहरूसँग डराउँछिन् । कासेमको कान्छी छोरीलाई आफ्नो बाबुको कुनै स्मरण छैन।"यो हाम्रो लागि आठ वर्ष जस्तो भएन, आठ जीवनकाल जस्तो भयो," कासेमकी आमा आयशा खातुनले बताउनुभयो।

# पल्सर स्पोर्टस अवार्ड भदौ अन्तिम साता




काठमाण्डु । नेपाली खेलकुदमा वर्षभरि उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडी एवम् प्रशिक्षकलाई प्रदान गरिने 'पल्सर स्पोटर्स अवार्ड' आगामी भदौमा प्रदान गरिने भएको छ।

आगामी भदौ २८ गते आयोजना हुने २१औं संस्करणको उक्त अवार्ड विभिन्न दश विधामा उत्कृष्ट घोषित हुने खेलाडीलाई सम्मान गरिने आयोजक नेपाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष दुर्गानाथ सुवेदीले बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो।

उहाँका अनुसार वर्षको उत्कृष्ट पुरुष खेलाडी, वर्षको उत्कृष्ट महिला, वर्षको उत्कृष्ट युवा, वर्षको उत्कृष्ट प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, पारा एथलिट सम्मान, स्पेसल अवार्ड, टिम अफ दी एयर लाइफटाइम एचिभमेन्ट अवार्ड र एसियन स्पोर्टस जर्नालिष्ट अवार्ड विधा रहनेछ।

उक्त अवार्डका लागि आयोजक मञ्च र गोल्छा ग्रुपबीच मुख्य प्रायोजनसम्बन्धी सम्झौता भएको छ। आयोजक मञ्चका अध्यक्ष सुवेदी र गोल्छा गुरुपका प्रबन्ध निर्देशक अभिमन्यु गोल्छाले उक्त अवार्डमा मुख्य प्रायोजकका रुपमा रहने विषयमा हस्ताक्षर गर्नुभयो । सम्झौताअनुसार गोल्छा ग्रुपले वर्ष खेलाडी पुरुष, महिला, युवा, पिपल्स च्वाइस र प्रशिक्षक गरी पाँच विधामा उत्कृष्ट हुने खेलाडीलाई जनही एक थान मोटरसाइकल पुरस्कार प्रदान गरिनेछ।

त्यसैगरी, अन्य विधा टिम अफ दी एयर, लाइफटाइम अचिभमेन्ट, स्पेसल र पारा एथलिट विधाका विजेताले जनही रु एक लाख पुरस्कार पाउने छन् । अघिल्लो संस्करणको तुलनामा यसपटक पुरस्कार राशिमा शत्प्रतिशत वृद्धि गरिएको मञ्चका अध्यक्ष सुवेदीले बताउनुभयो । उहाँका अनुसार यसअघि उक्त विधाका विजेता खेलाडीलाई जनही रु ५० हजार पुरस्कार प्रदान गरिएको थियो। यसपटक मञ्चले अवार्ड कार्यक्रमसँगै एसियाली खेलकुद पत्रकार महासङघ (एआइपिएस, एसिया) को कङ्ग्रेस पनि नेपालमै आयोजना गर्ने भएको छ। उक्त कङ्ग्रेस आगामी भदौ २५ देखि २८ गतेसम्म हुनेछ। कङ्ग्रेसमा एसियाका ३३ देशका खेलकुद पत्रकारको उपस्थिति रहने मञ्चका अध्यक्ष सुवेदीले जानकारी दिनुभयो।

अघिल्लो वर्ष पुरुषतर्फ एथ्लेटिक्सका दीपक अधिकारी, महिलातर्फ एथ्लेटिक्सकी राजपुरा पछाई, प्रशिक्षकमा एथ्लेटिक्सका चन्द्रबहादुर गुरुङ, युवामा क्रिकेटका देवकुमार खनाल र पिपल्स च्वाइस अवार्डमा टेबलटेनिसकी सिक्का सुवाल श्रेष्ठले पल्सर स्पोर्टस अवार्ड जितेकी थिइन।

त्यसैगरी, स्पेसल अवार्ड फोटोपत्रकार सुदर्शन रञ्जित, पारा एथलिट सम्मान एथ्लेटिक्सकी पारा खेलाडी मैया विशुृ, एसियन स्पोर्टस जर्नालिस्ट अवार्ड हङ्कङका खेलपत्रकार चु चान फाइ र लाइफटाइम एचिभमेन्ट अवार्ड भारत्तोलनका ओलम्पियन राजेन्द्रकुमार प्रधानलाई प्रदान गरिएको थियो।रासस

# सुडानमा सरकारी सेनाको अनुपस्थितिमा नै युद्धविराम वार्ता सुरु हुने

एएफपी

जेनेभा।सुडानी सरकार नरहने तयारी गरे पनि अमेरिकी मध्यस्थतामा रहेको सुडान युद्धविराम वार्ता स्विट्जरल्याण्डमा बुधबारदेखि शुरु हुने भएको छ।



सुडानका लागि अमेरिकी विशेष दूत टम पेरिएलोले विनाशकारी द्वन्द्वबाट तहसनहस भएका सुडानका जनताले अब पर्खन नसक्ने भन्दै वार्ता अघि बढ्ने बताउनुभएको छ। सन् २०२३ को अप्रिलदेखि सुडानका वास्तविक शासक अब्देल फतह अल बुरहानको नेतृत्वमा रहेको सेना र उहाँका पूर्व सहयोगी मोहमद हमदान डग्लोको नेतृत्वमा रहेको अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेज (आरएसएफ) बीच युद्ध चलिरहेको छ।

आरएसएफको प्रतिनिधिमण्डल अज्ञात स्थानमा बन्द कोठामा हुने वार्ताका लागि स्विट्जरल्याण्डमा छ तर सरकार निकट सुडानी सशस्त्र बल (एसएएफ) ले निमन्त्रणा स्वीकार गरेको छैन।१० दिनसम्म चल्ने उक्त वार्ताका लागि साउदी अरब र स्विट्जरल्याण्डले संयुक्त रूपमा मध्यस्थता गरेका छन् भने अफ्रिकी सङ्घ, इजिप्ट, संयुक्त अरब इमिरेट्स र संयुक्त राष्ट्रसङ्घ पर्यवेक्षकका रूपमा उपस्थित छन्।सुडानमा चलिरहेको हिंसात्मक द्वन्द्वले संसारकै सबैभन्दा खराबमध्ये एक मानिएको मानवीय सङ्कट निम्त्याएको छ।

यस द्वन्द्वका कारण हरेक पाँच सुडानीमध्ये एक जना आफ्नो घर छोड्न बाध्य भएका छन् भने दशौं हजारको मृत्यु भइसकेको छ। देशभरका दुई करोड ५० लाखभन्दा बढी अर्थात् आधाभन्दा बढी जनस८्या भोकमरीको चपेटामा परेको छ।" अहिले शान्ति स्थापनाका लागि उपयुक्त समय हो," पेरिएलोले मङ्गलबार भन्नुभयो । उहाँले भन्नुभयो, "अहिलेसम्म एसएएफले भाग लिन मानेको छैन । यद्यपि हामी हाम्रा अन्तर्राष्ट्रिय र प्राविधिक साझेदार हरूसँग सुडानका जनतालाई समर्थन गर्न सबै विकल्पहरू खोजी गर्न अघि बढ्नेछौं", उहाँले भन्नुभयो, "सरकारलाई 'अवसरको फाइदा उठाउन' आग्रह गर्दछौं।"रासस

# तालिबान सत्तारोहणका तीन बर्ष

एएफपी

बगराम । अफगानिस्तानको सत्ता कब्जा गरेको तालिबानले आफ्नो शासनको तेस्रो वर्षगाँठको अवसरमा बुधबार पूर्व अमेरिकी बगराम एअर बेसमा उत्सव मनाएको छ।नेताहरूको भाषण सुन्न र सैन्य परेड हेर्नका लागि काबुलबाट करिब ४० किलोमिटर टाढा रहेको बेसमा विदेशी कूटनीतिज्ञसहित सयौँ व्यक्ति भेला भएका थिए।



सन् २०२१ को अगष्ट १५ मा अमेरिका समर्थित सरकार ढलेपछि र यसका नेताहरू निर्वासनमा भागेपछि तालिवान सेनाले राजधानी काबुल कब्जा गरेको थियो । यो वर्षगाँठ अफगान क्यालेन्डरमा एक दिन अघि नै मनाइन्छ।दुई दशकदेखि अफगानिस्तानमाअमेरिकीनेतृत्वको अभियानको केन्द्रको रूपमा रहेको अफगानिस्तानको सबैभन्दा ठूलो हवाई अड्डामा भएको कार्यक्रममा वरिष्ठ तालिवान अधिकारीहरू हेलिकप्टरमा पुगेका थिए। आफ्नो २० वर्षे विद्रोह अन्त्य गरेको तीन वर्षमा तालिबान सरकारले इस्लामको कडा व्याख्यामा आधारित कानुनहरू लागू गर्दै देशमाथि आफ्नो पकड बलियो बनाएको छ।

संयुक्त राष्ट्रसङ्घले 'लैङ्गिक रङ्गभेद' भनिने नीतिको मार झेलिरहेका महिलामाथिको प्रतिबन्धका कारण सरकार अन्य कुनै पनि राज्यबाट मान्यता प्राप्त गर्न सकेको छैन।समारोहको केही दिन अघि, तालिवान कार्यकर्ताहरू काबुल वरिपरि वार्षिकोत्सवको मितिको साथ 'बधाइ' लेखिएको ब्यानर र साइनबोर्डहरू टाँस्न व्यस्त थिए।पूर्व अमेरिकी बगराम एयर बेसमा गरिएको सभालाई सम्बोधन गर्दै तालिबानका प्रधानमन्त्री मोहम्मद हसन अखुन्दले इस्लामिक शासन कायम राख्नु र राष्ट्रियताको सुरक्षा गर्नु आफ्नो सरकारको प्रमुख लक्ष्य रहेको बताउनुभएको छ।

**-इस्लामिक कानुन मुख्य प्राथमिकतामा -**

उहाँले भन्नुभयो, "इस्लामिक शासन कायम राख्ने, सम्पत्तिको रक्षा गर्ने, जनताको जीवन रक्षा गर्ने र हाम्रो राष्ट्रको सम्मान गर्ने जिम्मेवारी तालिबान सरकारको हो।"अखुन्दले मङ्गलबार एक विज्ञप्ति जारी गर्दै 'यस मितिमा अल्लाहले मुजाहिद राष्ट्र अफगानिस्तानलाई एक अन्तर्राष्ट्रिय घमण्डी र कब्जा गर्ने शक्तिमाथि निर्णायक विजय प्रदान गर्नुभयो' भन्नुभएको थियो।राजधानी र तालिबानको आध्यात्मिक अखडा कान्दाहारमा 'विजयको दिन'को पूर्वसन्ध्यामा थप सुरक्षा व्यवस्था गरिएको छ।तालिवान आन्दोलनको उद्गमस्थल र धार्मिक आदेशमार्फत शासन गर्ने नेता हिबतुल्लाह अखुन्दजादाको घर रहेको दक्षिणी शहर कान्दाहारमा पनि ठूलो सुरक्षा र सजावट गरिएको छ।

-बढ्दो मानवीय सङ्कट -

तालिवान अधिकारीहरूको लागि सुरक्षा एक प्रमुख प्राथमिकता रहेको छ र धेरै अफगानी नागरिकले लगातार २० वर्षको द्वन्द्वको अन्त्यमा राहत व्यक्त गरे तापनि अर्थव्यवस्था सङ्कटमा छ र समाजले बढ्दो मानवीय सङ्कटको सामना गरिरहेको छ। अन्तर्राष्ट्रिय गैरसरकारी समूहको संयुक्त वक्तव्यमा दुई करोड ३७ लाख मानिसलाई मानवीय सहायताको खाँचो रहेको भन्दै सहायता कोषको खाडल बढ्दै गएको चेतावनी दिइएको छ।

ह्युमन राइट्स वाच (एचआरडब्लु) ले सार्वजनिक जीवनबाट वञ्चित र माध्यमिक तथा उच्च शिक्षाबाट प्रतिबन्धित महिलामाथि लगाइएको प्रतिबन्ध फुकुवा गर्न तालिबान सरकारलाई दबाब दिन आग्रह गरेको छ।"तालिबानले कब्जा गरेको तेस्रो वर्षगाँठ अफगानिस्तानको मानव अधिकार सङ्कटको गम्भीर सम्झना हो, तर यो कार्यको आह्वान पनि हुनुपर्छ," एचआरडब्ल्यूका लागि अफगानिस्तानका अनुसन्धाता फेरेस्ता अब्बासीले भन्नुभयो।

# लेबनानमा बढ्दो नागरिक मृत्यु र विस्थापन चिन्ताजनक : राष्ट्रसङ्घ

क्युएनए

न्यूयोर्क । मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घको कार्यालय (ओसिएचए) ले लेबनान र इजरायली अस्तित्वलाई छुट्याउने 'ब्लू लाइन'मा बढ्दो वैमनस्यताको बीचमा नागरिक मृत्यु र बढ्दो विस्थापनप्रति गहिरो चिन्ता व्यक्त गरेको छ।




गत महिनामा नागरिक मृत्युको संख्या २० प्रतिशतले बढेको तथा सन् २०२३ को अक्टोबरदेखि अधिकांश महिला तथा बालबालिकासहित १२० जनाको मृत्यु भएको राष्ट्रसङ्घीय कार्यालयले जनाएको छ। कार्यलयले राष्ट्रङ्घीय बाल कोष (युनिसेफ) लाई उद्दृत गर्दै १२ वटा भन्दा बढी पानी मुहानहरू क्षतिग्रस्त भएको र हाल चारवटा मुहानबाट सेवा नजोडिँदा दुई लाख भन्दा बढी मानिसहरू सुरक्षित पिउने पानीको पहुँचविहिन भएको जानकारी दिँदै द्वन्द्वरत पक्षले नागरिक पूर्वाधारलाई बारम्बार लक्षित गरेको औँल्याएको छ।

यसैगरी विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले हालै ३२ टन आपतकालीन सर्जिकल किटका साथै औषधिहरू वितरण गरी लेबनानी सरकारको समर्थनमा कार्यालय र साझेदारहरूले राहत प्रयास जारी राखेको कार्यालयले पुष्टि गरेको छ।

# जापानका प्रधानमन्त्री किशिदा निर्वाचन नलड्ने

एपी

टोकियो। जापानका प्रधानमन्त्री फुमियो किशिदाले आगामी सेप्टेम्बरमा हुने पार्टी नेतृत्वको निर्वाचनमा भाग नलिने घोषणा गर्नुभएको छ।

किशिदा सन् २०२१ मा लिबरल डेमोक्र्याटिक पार्टीको अध्यक्षमा निर्वाचित हुनुभएको थियो । उहाँको तीन वर्षे कार्यकाल सेप्टेम्बरमा सकिँदैछ।

उहाँ चुनावी दौडबाट बाहिरिएसँगै पार्टीको नेताका लागि सेप्टेम्बरमा हुने निर्वाचनमा बहुमत प्राप्त गर्ने नयाँ नेता प्रधानमन्त्रीको उत्तराधिकारी हुने अवसर मिल्नेछ किनभने संसदको दुवै सदनमा एलडीपीको बहुमत छ।पार्टीको भ्रष्टाचार काण्डबाट आक्रान्त हुनुभएका किशिदाप्रतिको समर्थन दर २० प्रतिशतभन्दा तल झरेको छ।

उहाँले सेप्टेम्बरमा हुने मतदानमा भाग नलिने घोषणा गर्दै आफ्नो पार्टी देश हितका लागि परिवर्तन भइरहेको देखाउनका लागि नयाँ नेताको लागि अनुमति दिनुभएको हो। किशिदाले नयाँ निर्वाचित नेतालाई समर्थन गर्ने बताउनुभयो। यस वर्षको सुरुमा भएको स्थानीय चुनावमा हारले उहाँको प्रभाव कमजोर बनेको र एलडीपीका सांसदहरूले आगामी आम निर्वाचनअघि नयाँ अनुहारको आवश्यकतामा आवाज उठाएका समय प्रधानमन्त्री किशिदाको यो निर्णय आएको हो।

भ्रष्टाचार प्रकरण सार्वजनिक भएपछि, किशिदाले धेरै मन्त्री र अन्यलाई पार्टी कार्यकारी पदबाट हटाएर पार्टीमा देखिएका गुट उपगुटहरू विघटन गर्नुभएको छ।

# नेप्से परिसूचक ३४ अङ्कले बढ्यो

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा ३४ दशमलव २९ अङ्कको वृद्धि देखिएको छ । बुधबार नेप्से परिसूचक एक दशमलव १७ प्रतिशतले बढेर दुई हजार नौ सय ५७ दशमलव ७५ को विन्दुमा कायम भएको हो ।

बुधबार तीन सय ३२ कम्पनीको पाँच करोड १२ लाख ३० हजार तीन सय ४० कित्ता शेयर दुई लाख ४४ हजार १९ पटक खरिदबिक्री हुँदा रु २३ अर्ब ४३ करोड पाँच लाख ८१ हजार एक सय ५० बराबरको कारोबार भएको छ ।



**बुधबार वित्त समूहको उपसूचक सबैभन्दा बढी सात दशमलव ६७ प्रतिशतले बढेको छ ।**

जीवन बीमा समूह शून्य दशमलव ०८, लघुवित्त शून्य दशमलव ७० र म्युचुअल फन्ड शून्य दशमलव ९० प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ। बुधबार वित्त समूहको उपसूचक सबैभन्दा बढी सात दशमलव ६७ प्रतिशतले बढेको छ।

बैंकिङ शून्य दशमलव ७२, विकास बैंक तीन दशमलव ०७, होटल तथा पर्यटन दुई दशमलव ३७, जलविद्युत् एक दशमलव ९१, लगानी दुई दशमलव ४९, उत्पादन तथा प्रशोधन शून्य दशमलव ६४, निर्जीवन बीमा शून्य दशमलव ७४, व्यापार शून्य दशमलव ३९ र अन्य समूह शून्य दशमलव ८३ प्रतिशतले बढेको छ।

बुधबार नौवटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लाग्दा एउटा कम्पनीको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ८६ करोड ५८ लाख ५८ हजार तीन सय सात बराबरको कारोबार भएको छ।

कारोबार भएका शेयर संख्याका आधारमा अपि पावर कम्पनी लिमिटेडको २२ लाख ३७ हजार एक सय ७२ कित्ता शेयर किनबेच भएको छ।रासस

# ‘जहाँको दूध बिक्री नै हुँदैन’



मान्म । कालीकोट जिल्लाको नरहरिनाथ गाउँपालिकामा एक घर एक अनिवार्य गाईभैँसी पाल्ने चलन बिस्तारै सुरु हुन थालेको छ । परम्परादेखि नै एउटा घरमा एउटा गाई वा भैँसी अनिवार्य पाल्ने गरिएकामा बीचमा अन्य पेसा व्यवसायतर्फ लागेका किसानलाई पुनः पशुपालनतर्फ आकर्षित गर्न खोजिएको छ।

यस गाउँपालिकामा तीन हजार नौ सय १० घरपरिवारको सङ्ख्या रहेको छ। राष्ट्रिय तथ्याङ्क विभागको कृषि गणना २०७८ अनुसार गाउँपालिकामा पशुपालन गर्ने तीन हजार सात सय ९५ घरपरिवार रहेका छन् । गाउँपालिकाभित्र गाई, गोरुको सङ्ख्या चार हजार चार सय ३६ र राँगा, भैँसीको सङ्ख्या चार हजार दुई सय १० रहेको छ।

नरहरिनाथ गाउँपालिकाका कोटवाडा, लालु, माल्कोट, कुमालगाउँ र रुप्सा गाउँमा प्रत्येक घरमा एउटा गाई वा भैँसी अनिवार्य पाल्ने चलन परापूर्वकालदेखिको चलन हो । गाउँपालिकाको प्रायः सबै घरपरिवारमा दुग्धजन्य पशुपालन हुने गरेको भए पनि यहाँ दूध दहीको बिक्री भने नभएको नरहरिनाथ गाउँपालिका-९ लालुका ७० वर्षीया पदमसिंह रावलले बताउनुभयो । “विगतका दूध बिक्री गरेमा देवता रिसाउँछन् भन्ने आम मान्यताका कारणले दूध र दही बिक्री गर्ने चलन थिएन,” उहाँले भन्नुभयो, “अहिले गाउँमा बजार बने पनि कसैले दूध दही हुन्छ बिक्री गर्न लैजाँदैनन् ।” स्थानीय किसानहरु गाईभैँसीको दूधबाट घ्यू बनाएर बिक्रीका लागि टाढाटाढाको बजारमा पुग्ने गर्दछन्। अहिले गाउँगाउँमा नै यातायातको सुविधा पुगेपछि घ्यू बिक्री गर्न समस्या नभएको स्थानीयवासी कटबहादुर विष्टले बताउनुभयो । उहाँ भन्नुहुन्छ, “विगतमा घ्यू जम्मा गरेर कैलाली, नेपालगञ्ज र सुर्खेतका बजारमा लिएर बिक्री गर्ने र त्यसबाट आएको पैसाले लत्ताकपडा किनेर ल्याउने गरिन्थ्यो ।”

गाईभैँसीको घ्यू बेचेर राम्रो आम्दानी लिने गरेको नरहरिनाथ गाउँपालिका-९ लालुका ७२ वर्षीया गज सार्कीले बताउनुभयो। पहिले आफूले १० वटासम्म भैँसी पालेको र ती भैँसीबाट वर्षमा एक क्विन्टलसम्म घ्यू बनाएर नेपालगञ्ज, बर्दिया र कैलालीको बजारमा बेच्न लिएर गएको उहाँ सम्झनुहुन्छ । उहाँ भन्नुहुन्छ, “अहिले त एउटा भैँसी पालेको छु। छोराछोरी रोजगारीका लागि बाहिर गएका छन् । घरमा नै दूध दही खान ठिक्क हुन्छ। घ्यू बनाउने चलन नै हरायो।”

### पशुपालनतर्फ घट्दो आकर्षण

प्रायः यहाँका सबै घरमा चारवटाभन्दा बढी गाईभैँसी पाल्ने गरेकामा अहिले धेरैले पाल्न छाडेका छन् । गाउँपालिकामा भैँसी पाल्ने चलन अहिले लोप हुँदै गएको छ। चरन क्षेत्रको अभाव, पशुपालनप्रति घट्दो आकर्षण र अधिकांश गाउँका युवा रोजगारीका लागि अन्य पेसा व्यवसाय तथा विदेश जाने गरेका कारणले गाईभैँसी पाल्ने चलन कम हुँदै गएको हो । नरहरिनाथगाउँपालिका-५रुप्साका पर्से सहकारी भन्नुहुन्छ, “अहिले त मानिसहरुले आम्दानीका अन्य स्रोत खोज्न थाले । त्यसैबाट आफ्नो रोजीरोटी खोज्छन् ।” दिन प्रतिदिन वनजङ्गल मासिँदै गएपछि भैँसीलाई खुवाउने घाँसको अभाव तथा चरिचरन क्षेत्र नहुँदा र युवाहरु रोजगारीका देश तथा विदेश गएका कारणले अहिले गाईभैँसी एकदुईवटा मात्र पाल्ने गरिएको उहाँको भनाइ छ।

नयाँ पुस्ताका युवाहरुको विदेश पलायन तथा अन्य पेसा व्यवसाय जस्ता कारणले व्यावसायिक र बजारीकरण समस्याका कारणले पनि गाईभैँसी पाल्ने पेसा लोप हुँदै गएको छ । नरहरिनाथ गाउँपालिका-७ माल्कोटका केशे बोहरा भन्नुहुन्छ, “पशु चौपायाहरुमा विभिन्न रोगको सङ्क्रमण हुँदा समेत किसानले सेवा पाउँदैन् । पशु बीमाको व्यवस्था नहुँदा पनि किसान मर्कामा परेका छन् ।” पशुपालनको पेसा धेरै दुःख हुने भएका कारणले धेरैले आफूसँग भएका गाईभैँसी बेच्ने गरेको उहाँको भनाइ छ।

### किसानलाई गोठालो भत्ता दिन सुरु

किसानलाई पशुपालनमा आकर्षित गराउन गाउँपालिकाले गोठालो भत्ता दिन सुरु गरेको छ । आर्थिक वर्ष २०८०/८१ मा गाउँपालिकाले ‘कृषकसँग उपाध्यक्ष कार्यक्रम’बाट किसानलाई गोठालो भत्ता दिएको हो । पशुपालन व्यवसाय बढाउनका लागि गाउँपालिकाले किसानलाई गोठालो भत्ता दिने गरेको गाउँपालिकाका उपाध्यक्ष कमलबहादुर शाहले जानकारी दिनुभयो । गोठालो भत्ता कार्यक्रमअन्तर्गत किसानले मासिक रु एक हजार प्राप्त गर्दछन् । उहाँका अनुसार किसानलाई पशुपालनमा प्रोत्साहित गर्नका लागि गोठालो भत्तास्वरुप आर्थिक वर्ष २०८०/८१ मा रु १० लाख गाई भैंसी पाल्ने किसानलाई भत्ता वितरण गरिएको थियो।

गोठालो भत्ताका लागि पालिकाले मापदण्ड पनि बनाएको छ । सो मापदण्ड पूरा गरेका एक सय ३९ जना किसानलाई प्रात्साहन भत्ता वितरण गरिएको गाउँपालिकाले जनाएको छ । उपाध्यक्ष शाहले भन्नुभयो, “गोठालो शब्दको सम्मान र युवा तथा बेरोजगारलाई कृषि पेसामा आकर्षण गर्न कार्यक्रमलाई प्राथमिकता दिएका छौँ । गाउँमा गोठालोभन्दा हेपाहाका रुपमा लिइन्छ। यस कार्यक्रमले गोठालो शब्दको सम्मान गर्नेछ।’

### दुग्ध सङ्कलन केन्द्र स्थापना गरिने

किसानलाई आफूले उत्पादन गरिएको दूध बिक्री गर्न सहज बनाउन गाउँपालिकाले दूध सङ्कलन केन्द्र स्थापना गर्न लागेको छ। गाउँपालिकामा उत्पादन हुने दूधलाई बाहिर निर्यात गर्नका लागि गाउँपालिकाले दूध सङ्कलन केन्द्र स्थापना गर्न लागेको उपाध्यक्ष शाहले जानकारी दिनुभयो। “दूध सङ्कलन गरेर जिल्लाका अन्य बजार तथा जुम्ला र सुर्खेतसम्म निर्यात गर्ने लक्ष्य राखेका छौँ,” उहाँले भन्नुभयो, “यसका लागि गाउँमै दूध सङ्कलन केन्द्र स्थापना गर्दैछौँ ।” पहिलो चरणमा दूध बिक्रीका लागि जुम्लाको हिमा गाउँपालिकासँग सम्झौता भएको उपाध्यक्ष शाहले बताउनुभयो।

नरहरिनाथ गाउँपालिका दूध सङ्कलन केन्द्र नहुँदा पनि यहाँ उत्पादन भएको दुग्धजन्य पदार्थको उचित बिक्री गर्नका लागि समस्या भएको गाउँपालिकाले जनाएको छ । दूध प्रशोधन र बजारीकरणका लाग निजी तथा सहकारी क्षेत्रसँगको साझेदारीमा दूध तथा दुग्धजन्य वस्तु उत्पादन उद्योग स्थापना गर्न प्रोत्साहन गर्ने गाउँपालिकाले लक्ष्य राखेको उपाध्यक्ष शाहले बताउनुभयो।

### भैसीपालन बढाउन पकेट क्षेत्र घोषणा

नरहरिनाथ गाउँपालिकाले गाई, भैँसीपालनलाई बढाउनका लागि भैँसी पकेट क्षेत्र घोषणा गरेको छ । गाउँपालि-४ र ५ को रुप्सा गाउँलाई भैँसी पकेट क्षेत्र बनाउन लागेको हो । नरहरिनाथ गाउँपालिका जिल्लामै पशुपालनको प्रशस्त सम्भावना रहेको ठाउँ मानिन्छ। पशुपालन व्यवसायलाई थप गुणस्तरीय र उत्पादनमुखी बनाउनका लागि वडा नं ४ र ५ को रुप्सा गाउँलाई भैँसी पकेट क्षेत्र घोषणा गरिएको गाउँपालिका उपाध्यक्ष शाहले जानकारी दिनुभयो । “ग्रामीण भेगका पशुपालक कृषकहरुको आयस्तर वृद्धि गर्न सीपमूलक पशुपालनसम्बन्धी तालिमको व्यवस्था गर्ने लक्ष्य राखेका छौँ,” उहाँले भन्नुभयो । रैथाने पशुको नश्लको संरक्षण गर्न स्थानीय जातको भाले पशुको व्यवस्थापन गरी कृषकलाई प्रोत्साहन गरिने उहाँको भनाइ छ । साथै उन्नत जातको भाले पशुको विर्य ल्याएर कृत्रिम गर्भाधानको कार्यलाई प्राथमिकता राखिएको पालिकाले जनाएको छ।रासस

# कृषि र पशुपालनतर्फ रु १७ करोड बढी बजेट

पर्वत। चालु आर्थिक वर्षमा पर्वतमा कृषि र पशुपालनका क्षेत्रमा रु १७ करोड भन्दा बढी बजेट खर्च हुने भएको छ। कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत चालु आवमा कृषि उत्पादकत्व वृद्धि र प्रवर्द्धन तथा व्यावसायिक पशुपालनका क्षेत्रमा रु १७ करोड १९ लाख ८५ हजार बजेट खर्च हुने भएको हो।

खाद्यान्न, फलफूल, सागसब्जी, तेलहन, दलहन उत्पादन गरी जिल्लालाई आत्मनिर्भर बनाउनुका साथै निर्यात गरी किसानको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले चालु आवमा कृषि र पशुपालनमा बजेट भएका छन्। ज्ञान केन्द्रले गत वर्षदेखि सञ्चालनमा ल्याएको खायन आलु उत्पादन तथा प्रवर्द्धन कार्यक्रम सफल भएपछि चालु आवमा पनि निरन्तरता दिइएको केन्द्रका प्रमुख अधिकारीले जानकारी दिनुभयो। आलुखेती प्रवर्द्धन गर्न रु एक करोड ४७ लाख विनियोजन गरिएको छ। कार्यालयका अनुसार तरकारी बाली प्रवर्द्धन आयोजनाका लागि रु १२ लाख ५० हजार, पोषण सुरक्षा कार्यक्रमका लागि रु २० लाख विनियोजन गरिएको छ।

जलवायुमैत्री प्रविधि प्रवर्द्धन कार्यक्रमका लागि रु १० लाख, बीउ उत्पादन प्रवर्द्धनतर्फ रु १२ लाख ५० हजार, मसला तथा निर्यातयोग्य बाली प्रवर्द्धनतर्फ रु १० लाख र रैथाने बाली प्रवर्द्धन आयोजनाका



लागि रु नौ लाख ५० हजार विनियोजन गरिएको छ।

खाद्यान्नबाली प्रवर्द्धन आयोजनातर्फ रु २६ लाख, ६० हजार, सुन्तला जात फलफूल विकास आयोजनाका लागि रु एक करोड १८ लाख विनियोजन गरिएको छ। पर्वतबाट सबैभन्दा बढी निर्यात हुने फलफूलमा सुन्तला रहेकाले यसको खेती विस्तारलाई जोड दिइएको केन्द्रले जनाएको छ। भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले पशुपालन किसासलाई लक्षित गरेर चालु आवमा विविध कार्यक्रम निर्धारण गरिएको कार्यालय प्रमुख पुष्पराज बाँस्तोलाले जानकारी दिनुभयो। उहाँका अनुसार पर्वत दूध र माछा, मासुमा आत्मनिर्भर बनिसकेको छ भने अण्डा पनि केही मात्रामा आयात हुने गरेको छ।रासस

केन्द्रित गरिएको ज्ञान केन्द्रका प्रमुख परशुराम अधिकारीले बताउनुभयो।

पशुपालनतर्फ पनि दूध, घ्यू, माछा मासु, अण्डामा जिल्लालाई आत्मनिर्भर बनाई निर्यात बढाउने उद्देश्यले बजेट छुट्याएर कार्यक्रम बनाइएको पशु सेवा विज्ञ केन्द्रले जनाएको छ। गण्डकी प्रदेश सरकारअन्तर्गत रहेका कृषि ज्ञान केन्द्रमार्फत रु पाँच करोड ८२ लाख, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमार्फत रु चार करोड १५ लाख र सङ्घीय सरकारअन्तर्गतको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाइमार्फत रु सात करोड २२ लाख ८५ हजार बजेट प्राप्त भएको छ।

परियोजनाका केही कार्यक्रम छिमेकी जिल्ला बागलुङ र गुल्मीमासमेत सञ्चालन हुने


मधेश प्रदेश सरकार
उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय
## उद्योग विभाग
बीरगंज, पर्सा

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१।०४।३१

यस विभागको लागि आ.व. ०८१।८२ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७९/०८० को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८०/०८१ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८०/०८१ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

तपसिल

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको विद्यापति चोक (जनकपुर) शाखा, धनुषा।
## यस बैंकमा रहेको सेफ डिपोजिट लकर उपर ३५ (पैंतिस) दिने हकदाबी सम्बन्धि सूचना

प्रकाशित मिति: २०८१/०४/३१

श्री **सुखदेव नारायण मिश्र** को नाति, श्री **राम मोहन मिश्र** को छोरा, **महोत्तरी** जिल्ला **पिपरा** गा.बि.स वडा नं.०६, स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला **पिपरा** न.पा. वडा नं.०७, बस्ने श्री **विनय कुमार मिश्र** (ना.प्र.नं **७३९५१८०३**, जारी मिति **२०३०/११/१३, जि.प्र.का. महोत्तरी**) को नाममा यस बैंकको **विद्यापति चोक (जनकपुर)** शाखा कार्यालयबाट सेफ डिपोजिट लकर नं **२५७२२** लिई प्रयोग गरी आउनु भएकोमा निज लकरवालाको पत्नी, श्रीमती **सुनिता मिश्रा** (ना.प्र.नं **७४१** जारी मिति **२०४६/०२/२६** जि.प्र.का. **महोत्तरी**) ले श्री **विनय कुमार मिश्र** को मिति बि सं **२०७९/११/०२** गते मृत्यु भएको भनी मृतकको हकवाला पत्नी नाताका श्रीमती **सुनिता मिश्रा**ले उक्त यस बैंकमा रहेको सेफ डिपोजिट लकर उपर आफ्नो हक कायम गरी पाऊँ भनी मिति ई.सं.२३/०६/२०२४ मा आवश्यक कागजात सहित यस बैंकको **विद्यापति चोक (जनकपुर)** शाखा कार्यालयमा निवेदन दिनु भएको हुँदा निज मृतकको नाममा यस बैंकमा रहेको सेफ डिपोजिट लकरमा निवेदक बाहेक अन्य कोहि कसैको हकदाबी लाग्ने भएमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन, २०७९ तथा प्रचलित कानून बमोजिम अग्राधिकार हकवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस बैंकका **विद्यापति चोक (जनकपुर)** कार्यालयमा हकदाबी गर्न आउनु होला। अन्यथा सो म्यादभित्र हकदाबी गर्न नआएमा प्रचलित कानून बमोजिम निवेदकको दावी बमोजिम निजको नाममा हक कायम भै जानेछ र पछि कसैको कुनै उजुर लाग्ने छैन भनी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
## सडक विभाग
भू-वातावरण तथा सामाजिक शाखा
बबरमहल, काठमाडौँ

## प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना

प्रकाशित मिति:२०८१/०४/३१

नेपाल सरकार, सडक विभाग, बबरमहल, काठमाडौँ द्वारा मधेश प्रदेश सिराहा जिल्ला- कर्जन्हा नगरपालिका र कोशी प्रदेश -उदयपुर जिल्ला - कटारी नगरपालिकामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| प्रस्तावको व्यहोरा | प्रस्तावकको नाम र ठेगाना |
|---|---|
| बस्तीपुर चोक सिराहा (पूर्व-पश्चिम राजमार्ग)- बि.पी. क्यानसर हस्पिटल - बेलसोत - कटारी (१५ कि.मि.) उदयपुर सडक खण्डको स्तरोन्नती<br>प्रभाव पर्ने जिल्ला/ न.पा.-<br>सिराहा जिल्ला- कर्जन्हा न.पा. वडा नं २ र वडा नं ४<br>उदयपुर जिल्ला- कटारी न.पा. वडा नं १ | **सडक विभाग**<br>**भू-वातावरण तथा सामाजिक शाखा**<br>**बबरमहल, काठमाडौँ**<br>फोन नं .+९७७-१-५४-२९०७५<br>ईमेल- gesunit@dor.gov.np |

माथि उल्लिखित प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षणको मस्यौदा प्रतिवेदन तयार गरिएको र वातावरण संरक्षण नियमावली,२०७७ परिच्छेद-२ को नियम (६) बमोजिम सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान अनुरुप निम्न लिखित मिति,समय तथा स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम राखिएको व्यहोरा अनुरोध गर्दै सबै इच्छुक महानुभावहरुलाई उक्त सार्वजनिक सुनुवाईको कार्यक्रममा उपस्थित भई आफ्नो राय-सुझाव लिखित तथा मौखिक रुपमा दिनुहुनका लागि सबैमा हार्दिक अनुरोध गरिन्छ।

**सार्वजनिक सुनुवाई कार्यक्रम**

| | |
|---|---|
| मितिः २०८१/०५/०६<br>समयः बिहानको ११ बजे<br>स्थानः सिराहा जिल्ला, कर्जन्हा नगरपालिका वडा नं .४ को कार्यालय | मितिः२०८१/०५/०७<br>समयः बिहानको ११ बजे<br>स्थानः उदयपुर जिल्ला, बेलसोत, कटारी नगरपालिका वडा नं १ को कार्यालय |

**राय सुझावको लागि पत्राचार गर्ने निकाय र ठेगाना:**

| | |
|---|---|
| **सडक विभाग**<br>**भू-वातावरण तथा सामाजिक शाखा**<br>**बबरमहल, काठमाडौँ**<br>फोन नं. +९७७-१-५४-२९०७५<br>ईमेल- gesunit@dor.gov.np | **अभियन्त्र कन्सल्टीङ्ग प्रा.लि.**<br>**शिशिरमार्ग -११, काठमाडौँ**<br>फोन नं: ९८५११५०७६४/ ०१-५३४९४८०<br>ईमेल: abhiyantraconsulting2012@gmail.com |

# सभाद्वारा स्रष्टा अक्षय कोष स्थापना माग



**टुडे समाचारदाता**

जनकपुरधाम । शास्त्रीय संगीतका साधक गुरुदेव कामतको निधन पीडादायी रहेको भन्दै उनको स्मरणमा स्रष्टा अक्षय कोष स्थापनासहित पाँच सुत्रीय माग गर्दै शिक्षा तथा संस्कृति मन्त्री रानीकुमारी तिवारीलाई ज्ञापनपत्र बुझाएको छ।

मैथिली साहित्यकार सभाले साहित्यकारहरुलाई आउने दिनमा स्वर्गीय कामत झैँ अन्य स्रष्टालाई पीडादायी अवस्था भोग्न नपरोस् भन्दै स्रष्टा अक्षय कोष स्थापनाको माग अघि सारेको पूर्वसभापाल प्रेम विदेहले जानकारी दिए।

सभापाल अरविन्द कुमार यादवको अगुवाइमा शिक्षा तथा संस्कृति मन्त्री तिवारीलाई बुझाइएको ज्ञापनपत्रमा उचित उपचारको अभावमा मृत्युवरण गरेका शास्त्रीय गायक गुरूदेव कामतको परिवारलाई सम्मानपूर्वक आर्थिक सहयोगको व्यवस्था गर्न माग गरेका छन्।

त्यस्तै साधक गुरूदेव कामतको नाममा पुरस्कार कोषको स्थापना, साधक कामतको सांगीतिक योगदानको उच्च मूल्यांकन गर्दै मरणोपरान्त 'सङ्गीत शिरोमणि'को उपाधि प्रदान गर्नुपर्ने, जनकपुरधामको कैन्सर पीडित साहित्यकार अशोक दत्तलाई न्यूनतम ५ लाख रुपैयाँ सहयोग राशी अविलम्ब उपलब्ध गराउन सभाले आग्रह गरेको छ।

त्यस्तै संस्कृति मन्त्रालयअन्तर्गत न्यूनतम ५ करोड रुपैयाँको "स्रष्टा अक्षय कोष" स्थापना गरी कोषको व्याजबाट विपन्न साहित्यकार कलाकारलाई मासिक वृत्तिका साथै गम्भीर रोग तथा दुर्घटनामा परेकालाई उपचार सहयोगको व्यवस्था गर्नुपर्नेसमेत माग गरेको कार्यपाल अरुण कुमार राउतले बताए।

# एमाले-कांग्रेसविरुद्ध आन्दोलन गर्न सीके राउतको निर्देशन

**टुडे समाचारदाता**

वीरगञ्ज । सत्तारुढ जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले गणतन्त्रविरुद्ध षड्यन्त्र भइरहेको भन्दै नेकपा एमाले र नेपाली कांग्रेसविरुद्ध आन्दोलन गर्न तयार रहनका लागि निर्देशन दिएका छन्।

वीरगञ्जमा बुधबार पार्टी प्रवेश तथा कार्यकर्ता भेटघाट कार्यक्रममा अध्यक्ष राउतले दुई ठूला दलहरुबाट नै गणतन्त्रमाथि खतरा रहेको बताए।

उनले नेपालमा दुई दलीय व्यवस्था जवर्जस्ती लाद्नका लागि षड्यन्त्र गरिरहेको बताउँदै सो षड्यन्त्र भनेको जनतालाई नोक्सानी पुग्ने खाले रहेको धारणा राखे।

उनले सो षडयन्त्रको विरुद्ध सडक आन्दोलनका लागि तयार रहन अध्यक्ष राउतले कार्यकर्तालाई निर्देशन दिए। कांग्रेस र एमालेले सो प्रपञ्च रचिरहेको भन्दै अध्यक्ष राउतले यसको गन्ध बुधबार चलेको सदनको बैठकबाट प्रष्ट भएको भने।

एमाले-कांग्रेसले गरिरहेको षड्यन्त्रको विरोधमा पुनः आन्दोलनमा उत्रिन तयार रहनुपर्ने जरुरी रहेको उनको स्पष्ट पारे।

सो षड्यन्त्रको आशय भनेको देशबाट स-साना दलहरुलाई समाप्त गर्नु रहेको उनले बताए। अध्यक्ष राउतले भने, ' एमाले-कांग्रेस ठूलो दल हो, यी दुवै दल एकमत छन्, दुवै दल मिलेर सरकार पनि चलाइरहेका छन्। जुन संसारमा कँही पनि अभ्यासमा छैन। ठूला दलहरुमध्ये एक सरकारमा जाने हो भने अर्को विपक्षमा बस्ने परिपाटी नै छ। तर हाम्रो मुलुकमा उल्टो भयो।'




सरकार र सदनबाट विश्वास नरहेको जनाउँदै अबको अन्तिम बाटो भनेको सडक आन्दोलन नै रहेको उनको भनाइ छ। संघीयतालाई 'पर्फेक्ट' बनाउँन संघीय सरकारले अझ प्रदेशहरुलाई अधिकार दिनबाट बञ्चित गरिरहेको उनले आरोप लगाए। प्रतिनिधिसभा सदस्य राउतले भने, 'उहिले पुर्खाहरुले आँपको बोट रोपेका थिए, जसबाट अहिले हामी आँप खान पाइरहेका छौँ। त्यस्तै हामीले पनि आफ्नो बच्चाहरुको लागि थप अधिकार प्राप्तिका लागि आज आन्दोलन गर्नुपर्छ। अनि मात्र उनीहरु आउने दिनमा मिठो फल खान पाउँछन्।'

सो कार्यक्रममा कांग्रेस नेतृ रम्भा मिश्रासहित एमाले, माओवादी, जसपा, लोसपालगायतका दल परित्याग गरी दर्जनौँ कार्यकर्ताहरु प्रवेश गरेको जनमत पार्टीका पर्सा जिल्ला इन्चार्ज माधव सिंहले जानकारी दिए।

# मुख्यमन्त्रीद्वारा हाम्रो माया घरको शिलान्यस

**टुडे समाचारदाता**

बर्दिबास । मुख्यमन्त्री सतीशकुमार सिंहले 'हाम्रो माया घर' को शिलान्यास गरेका छन्।

बर्दिबासमा बुधबार मुख्यमन्त्री सिंहले शिलान्यास गर्दै माया को घरको लागि ठुलै सहयोग हुने प्रतिवद्धता व्यक्त गरे।

बर्दिबास नगरपालिकाका मेयर प्रल्हाद कुमार क्षेत्रीले माया घर बनाउनमा आफ्नो पूर्ण साथ र समर्थनसमेत रहने दृढता व्यक्त गरे।

हिरालाल गौतमको संयोजकत्वमा रहेको शिवपुराण महायज्ञ मुल समिति भंग भएको जनाउँदै हाम्रो मायाको घरको अध्यक्ष कृष्ण प्रसाद गौतमलाई शिवपुराण महायज्ञको संकलित रकम दुई करोड चालीस हजार एक सय छ्यासी रुपैयाँ हस्तान्तरण गरेका थिए।




हस्तान्तरण गर्दै विघटित समितिका संयोजक हिरा गौतमले हाम्रो माया घरको अध्यक्षलाई सहयोग गरिरहने बताए।

# सातै प्रदेशमा क्यान्सर उपचार स्थापनाका लागि कार्यविधि स्वीकृत

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशसहित सातै प्रदेशमा क्यान्सर उपचारका लागि अस्पताल स्थापना गर्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कार्यविधि स्वीकृत गरेको छ।

कार्यविधि स्वीकृत भएपछि चितवनको भरतपुर क्यान्सर अस्पताल, भक्तपुरको भक्तपुर क्यान्सर अस्पताल तथा नेपालगञ्जको सुशील कोइराला प्रखर क्यान्सर अस्पतालले देशका अन्य भागमा विस्तारित उपचार सेवा उपलब्ध गराउने भएका छन्।

कार्यविधिअनुसार भक्तपुर क्यान्सर अस्पतालले कोशी प्रदेशमा अस्पताल विराटनगर र मधेश प्रदेशमा नारायणी अस्पताल वीरगञ्जमा क्यान्सरसम्बन्धी विशेषज्ञ सेवा उपलब्ध गराउनेछ।

त्यस्तै बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरले गण्डकी प्रदेशको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णालीको सुर्खेत प्रादेशिक अस्पताल र सुदुरपश्चिमको धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा विशेषज्ञ सेवा उपलब्ध गराउने छ।



यस वर्ष थप पाँच प्रदेशमा क्यान्सर उपचार सेवा विस्तार निर्णय मन्त्रालयले गरेको छ। यसका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले बुधबार अस्पतालमा क्यान्सर उपचार सेवा विस्तार गर्ने कार्यविधि, २०८१ स्वीकृत गरेका छन्।

मन्त्री पौडेलले गत असार ३१ गते गरेको पहिलो निर्णयमा राष्ट्रिय क्यान्सर नियन्त्रण रणनीति २०२४-३० स्वीकृत गरेका थिए। रणनीतिले सातवटै प्रदेशमा क्यान्सरको परीक्षण तथा निदान गर्ने लक्ष्य लिएको थियो। त्यसको एक महिनाभित्रै बुधबार मन्त्री पौडेलले कार्यविधि स्वीकृत गरेका छन्।

त्यस्तै देशका सातवटै प्रदेशमा क्यान्सर उपचारसम्बन्धी सेवाको पहुँच विस्तार भएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिए।

गत आइतबार सार्वजनिक गरेको प्राथमिकता तथा योजनामा सातै प्रदेशमा क्यान्सर रोग उपचार सेवा विस्तार गरिने उल्लेख गरेका थिए। त्यसलगत्तै बुधबार उनले मन्त्रीस्तरीय निर्णयमार्फत यससम्बन्धी कार्यविधि स्वीकृत गरेका छन्।

मन्त्रालयको नीति योजना तथा अनुगमन महाशाखा प्रमुख डा. कृष्ण पौडेलले अब बिरामीहरुले संघीय क्यान्सर अस्पतालको सेवा नै विस्तारित अस्पतालबाट पाउने भएकाले खर्च र समय दुवै बचत हुने बताए। अब सेवा विस्तार भएका अस्पतालको सेवा र गुणस्तरमा समेत थप सहायता पाउनेछन्। स्याटेलाइट क्लिनिक तथा आफ्ना दक्ष जनशक्तिसमेत पठाएर विस्तारित अस्पतालमार्फत सेवा दिइने भएकाले यो प्रभावकारी हुने उनले बताए।

# कालिकामाई गाउँपालिकामा तालाबन्दी

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको कालिकामाई गाउँपालिका कार्यालयमा तालाबन्दी गरेको छ। करार कर्मचारीको म्याद थपबारेमा बहुमत जनप्रतिनिधि तथा स्थानीयले गाउँपालिकाको कार्यालयमा तालाबन्दी गरेको छ। सो कार्यलयामा तालाबन्दी भएपछि गाउँपालिका कार्यालयको सम्पूर्ण कामकाज नै ठप्प भएको छ।

करारमा रहेका स्वास्थ्यका कर्मचारीमध्ये राजनीतिक आस्थाको आधारमा आठजनाको म्याद नथपेको भन्दै उनीहरु विगत १० दिन देखि पालिकाको मुल गेटमा अगाडि धर्ना दिँदै आएका छन्। सो कार्यालयमा गाउँपालिकाका अध्यक्ष र कर्मचारी आउन छोडेपछि समस्या समाधानका लागि दबाब दिन नेपाली कांग्रेस, नेकपा एमाले र जनप्रतिनिधिसहितकाहरुले समेत धर्नामा बस्दै आएका छन्।

गाउँपालिकाकी उपाध्यक्ष राजमती देवी, वडा अध्यक्ष सोनालाल चौरसिया, संजय कुमारपटेल र संजय कुमार साह लगायत बहुसंख्यक गाउँसभा सदस्यहरुले समेत तालबन्दी गरेका थिए।




अविलम्ब पालिकामा पुगेर समस्या समाधान नगरिए पालिकाका स्थानीयवासीले गाउँपालिकाको अध्यक्षको घर घेर्ने चेतावनी दिँदै विरोध कार्यक्रम गर्ने जनप्रतिनिधिहरुले बताएका छन्।

जनप्रतिनिधि अजय कुमार पटेल, नेकपा एमालेका पवन तिवारी समाज सेवी अरमान खाँ, नेपाल सि.एम.ए. संघका जिल्ला अध्यक्ष जितेन्द्र प्रसाद साह लगायतले तालबन्दीको चेतावनी दिएका छन्।

उनीहरुले अध्यक्ष भागेर वीरगञ्जमा समस्याको समाधान खोज्नुभन्दा पालिकामै आएर समस्या समाधान गर्न जोड दिएका छन्। विगत नौ वर्ष देखि कार्यरत स्वास्थ्यका कर्मचारीलाई माघ महिनामा म्याद नथप्ने निर्णय गरेर उनीहरुको ठाउँमा अध्यक्षले आफ्ना मान्छेहरुलाई गलत तरिकाले प्रक्रिया पुऱ्याएर नियुक्ती गर्ने गरेको निर्णय बाहिर आएपछि हटाइएका करार कर्मचारीहरु आन्दोलित भएका छन्।

म्याद नथपिएका कर्मचारीमा अधिकांश प्राविधिक कर्मचारी रहेको र उनीहरुको कार्य सम्पादन मुल्यांकनमा ८०% भन्दा बढी नम्बर रहेको छ। उनीहरु स-सर्त अनुदानको बजेटबाट तलब लिँदै आएका छन्।

# राजगढ गाउँपालिकाको सभा रद्द गर्न धर्ना



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजगढ गाउँपालिकाको गाउँसभा रद्द गर्नका लागि धर्नामा बसेका छन्। गाउँसभाका जनप्रतिनिधिहरु र स्थानीयबासीहरुले बुधबार धर्ना दिएका छन्।

गाउँपालिकामा अनियमितता भएको र गाउँसभासमेत गैरकानुनी रूपमा गरिएको भन्दै जनप्रतिनिधि र स्थानीयबासीले धर्ना दिएका छन्।

गाउँपालिकाले गत असार १० गते १३ औं गाउँसभा गरेको थियो। तर केही जनप्रतिनिधिहरुले भने सो गाउँसभा स्थानीय सरकार संचालन ऐन २०७४ विपरीत भएको भन्दै गाउँसभा रद्द गर्नुपर्ने माग गरेका छन्।

नारा जुलुस गर्दै गाउँपालिका कार्यालय पुगेका आन्दोलनरत पक्षले आर्थिक वर्ष ०७९/०८० र ०८०/०८१ मा पालिकामा कहाँबाट कुन शीर्षकमा कति रकम प्राप्त भएको र सो रकम कहाँ खर्च गरिएको भन्ने विवरणसहित सार्वजनिक गर्न माग गरेका छन्।

२ सय २५ जना भन्दा बढी लाभग्राहीले सामाजिक सुरक्षा भत्ता नपाएकोले यथाशीघ्र सामाजिक सुरक्षा भत्ता एकमुष्ट उपलब्ध गराउनुपर्ने, कर्मचारीहरुको विवरण उपलब्ध गराउनुपर्ने माग समेत आन्दोलनकारीले माग राखेका छन्।

पालिकाको आफ्नै स्कारपियो हुँदाहुँदै थप व्ययभार पर्ने गरी दुई वटा स्कारपियो भाडामा लिनुपर्ने कारण समेत उनीहरुको मागसमेत छन्।

त्यस्तै आन्दोलनरत्त पक्षले गत साउन २२ गते रिपोर्टिंगमा राजगढ़ गाँउपालिका पुगेका पत्रकारहरुमाथि पालिका अध्यक्ष मण्डलले संचारसाधन खोस्दै दुर्व्यवाहर गरेकोप्रति विरोध जनाएका छन्।

# कर्मचारी कुटिँदा भंगहाको कामकाज ठप्प

**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरीको भंगहा नगरपालिकाको कामकाज दुई दिनदेखि ठप्प छ। पालिकाको कामकाज ठप्प हुँदा सेवाग्राहीलाई सास्ती भोग्न बाध्य छन्।

भंगहा नगरपालिकाको कार्यालयमा कर्मचारीमाथि हातपात भएको विरोधमा कामकाज मंगलबारदेखि ठप्प छ। अत्यावश्यक बाहेकका सम्पूर्ण सेवा कर्मचारीहरुले ठप्प पारेका छन्। सेवा ठप्प हुँदा सेवाग्राहीहरु मर्कामा परेका छन्।

यता कर्मचारीमाथि आक्रमण गर्ने यादवमाथि कडा कारबाहीको माग गर्दै नगरपालिकामा काम गर्ने वातावरण र सुरक्षाको प्रत्याभुति गराउनुपर्ने उनीहरुको माग छ।




सो नगरपालिकामा कार्यरत छैठौं अधिकृतस्तरका कर्मचारी सुर्यनारायण ठाकुरमाथि कार्यकक्षमै सोमबार वडा नं. ९ का स्थायीवासिन्दा मुकेशकुमार यादवले हातपातसंगै अभद्र व्यवहार गरेको भन्दै कर्मचारीहरु आन्दोलित भएका छन्।

सो घटनाको छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गर्दै भंगहा नगरपालिकाबाट प्रवाह हुने

घटनाले राष्ट्रसेवक कर्मचारीहरूको जीउज्यानको असुरक्षा र डर, भय त्रासको वातावरणका कारण कार्यालयमा कामकाज गर्न असहज भएको उनीहरुले बताएका छन्।

कर्मचारीहरुले सेवा ठप्प हुँदा सेवाग्राहीहरूलाई पर्नसक्ने असुविधाका लागि क्षमायाचना गर्दै, यसको सम्पूर्ण जिम्मेवारी मुकेश कुमार यादवले लिनुपर्ने जिकिर गरेका छन्

# मधेशका चार वडामा उपचुनाव हुने


**टुडे समाचारदाता**

जनकपुरधाम । निर्वाचन आयोगले आगामी मंसिर महिनाको अन्तिम साता देशभरका विभिन्न स्थानीय तहको ३४ पदका लागि उपनिर्वाचन गराउने तयारी गरेको छ।

विभिन्न कारणले रिक्त हुन पुगेका नगरपालिकाका मेयर, उपमेयर, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष एवम् वडा अध्यक्षहरुको पदपुर्ती निर्वाचन प्रक्रियाद्वारा गरिने तयारी आयोगको छ। यसका लागि अगामी मंसिर अन्तिम साता उपनिर्वाचन गराउन आयोगले सरकार समक्ष प्रस्ताव गरेको छ।

मधेशको सप्तरी र रौतहट जिल्लामा चार वटा वडा अध्यक्षको पद रिक्त रहेको आयोगले जनाएको छ। आयोगको अनुसार सप्तरी जिल्लाको डाक्नेश्वर नगरपालिका वडा नम्बर ४ का वडा अध्यक्षको पद खाली छ।

त्यस्तै, रौतहट जिल्लास्थित इशनाथ नगरपालिकाको वडा नम्बर ७, राजपुर नगरपालिकाको वडा नम्बर ६ र गढीमाई नगरपालिकाको वडा नम्बर ८ मा वडा अध्यक्षको पद रिक्त छन्।



काठमाण्डु जिल्लास्थित किर्तिपुर नगरपालिका प्रमुख, जाजरकोटको नलगाड नगरपालिका उपप्रमुख, मोरङको ग्रामथान गाउँपालिका अध्यक्ष, दैलेखको महाबु गाउँपालिका अध्यक्ष, बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका उपाध्यक्ष र दोलखाको गौरीशंकर गाउँपालिका उपाध्यक्ष पद खाली छ। यी बाहेक विभिन्न जिल्लास्थित पालिकाका वडा अध्यक्षहरु समेत जम्मा ३४ पद रिक्त रहेको आयोगले जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं. ९१/०५७/५८**